# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ९ | काठमाडौं | सोमबार, १९ वैशाख २०७९ | Prabhab National Daily, | Monday, May 2, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


## सामाजिक सञ्जाल प्रयोगकर्तालाई चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवारप्रति लक्षित गरी मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिने गरी कुनै पनि सामग्री सामाजिक सञ्जालमा पोस्ट नगर्न सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई चेतावनी दिएको छ । सामाजिक सञ्जालमा मिथ्या सूचना तथा आचारसंहिता विपरीतका सामग्री प्रकाशन गरे कडा कारबाही गर्ने आयोगले चेतावनी दिएको हो ।

आयोगले आइतबार गरेको पत्रकार सम्मेलनमा स्थानीय तह निर्वाचनको स्वच्छता, स्वतन्त्रता र गरिमामाथि नै आँच आउने गरी यस्ता कार्य भइरहेको भन्दै तत्काल रोक्न सामाजिक प्रयोगकर्ताहरूलाई सचेत गराएको छ ।

निर्वाचन आचारसंहिताविपरीतका सामग्री सामाजिक सञ्जालमा पोस्ट गरेमा निर्वाचन आयोग ऐन २०७३ को दफा २३, निर्वाचन कसुर तथा सजाय ऐन २०७३ तथा प्रचलित कानुनअनुसार कारबाही गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले चेतावनी दिए । चुनावका बेला सामाजिक सञ्जालको दुरूपयोग गर्नेलाई निर्वाचन आयोग ऐन २०७३ को दफा १६ बमोजिम कारबाही हुने उनको भनाइ छ ।

'स्थानीय तह निर्वाचन स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उम्मेदवारको मनोनयन गराउनुभएका उम्मेदवार तथा राजनीतिक दलप्रति लक्षित गरी मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति सामाजिक सञ्जालमा पोस्ट भइरहेको र यस्ता गलत, भ्रामक, चरित्र हत्या हुने, व्यक्तिगत लान्छना लगाउने, मानहानी हुने वा यस्तै प्रकृतिका निर्वाचनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने कुनै सामग्री सामाजिक सञ्जालमा पोस्ट हुँदा निर्वाचनको स्वच्छता, स्वतन्त्रता र गरिमामासमेत आँच पुग्न सक्ने भएकाले यस्ता प्रकृतिका कार्य कुनै पनि हालतमा नगर्न, नगराउन सबैमा आयोगले कडा चेतावनी दिन्छ,' प्रवक्ता पौडेलले भने ।

आयोगले निर्वाचनलाई प्रभावित पार्ने खालका सामग्रीहरूको प्रचारप्रसार नगर्नका लागि सीमावर्ती देशहरूलाई पत्राचार गर्न पनि परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएको छ ।

त्यसैगरी, राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताको परिधिभित्र रही आफ्नो प्रचारप्रसार गर्न सामाजिक सञ्जाल खाताको प्रयोग गर्ने भएमा सोको विवरण उम्मेदवारको अन्तिम सूची प्रकाशन भएको २४ घण्टाभित्र राजनीतिक दलको हकमा निर्वाचन आयोग र उम्मेदवारको हकमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा अनिवार्य रूपमा बुझाउन पनि निर्देश गरिएको आयोगले जनाएको छ ।


आयोगका प्रवक्ता पौडेलले सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीतिलाई अनुगमन गर्ने जिम्मेवारी प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघलाई दिइएको पनि बताए ।

### गठबन्धनको सकस

# केन्द्रको निर्देशन जिल्लामा अवज्ञा

**कतै गठबन्धनका दलहरू एक्लाएक्लै भिडिरहेका छन् भने कतै गठबन्धनभित्र पनि अर्को गठबन्धन बनेको छ । केही जिल्लामा त्यही प्रमुख प्रतिस्पर्धी भनिएको एमालेसँगै चुनावी तालमेल भएका छन् ।**

■ प्रभाव संवाददाता




**काठमाडौं–** स्थानीय निर्वाचनमा तालमेल गरेर जाने निर्णय गरेको सत्ता गठबन्धनले गरेको एउटा 'महत्त्वपूर्ण निर्णय' हो कतै पनि गठबन्धनबाहिरका दलसँग तालमेल नगर्ने । अर्थात्, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, नेपाल मजदुर किसान पार्टीलगायत कुनै पनि पार्टीसँग स्थानीय तहमा तालमेल नगर्ने । पाँचदलीय गठबन्धन कायम राख्ने ।

गठबन्धनको यो निर्णय गठबन्धन आबद्ध दलले स्थानीय तहमा प्रमुख प्रतिपक्ष एमालेसँग कतै पनि तालमेल नगरून् भन्ने हेतुले गरिएको हो । किनकि, गबन्धनको प्रमुख प्रतिस्पर्धी पनि एमाले नै हो । एमालेलाई कमजोर बनाउने भनेरै गठबन्धन गरिएको छ ।

आइतबार मात्र बालुवाटारमा बसेको सत्ता गठबन्धनका दलहरूको आन्तरिक तयारी र अनुगमन गर्ने संयन्त्रको बैठकले गठबन्धनको मर्म र भावना अनुसार नै चुनावी अभियानमा लाग्न निर्देशन दिने निर्णय गऱ्यो । यो निर्णय पालना नगर्नेलाई आ-आफ्ना दलले कारबाही गर्ने समेत निर्यण भएको सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले जानकारी दिइन् ।

तर, गठबन्धनले केन्द्रबाट पटक-पटक यस्ता निर्णय गरे पनि र कारबाहीको चेतावनी दिए पनि जिल्लास्तरमा भने अवस्था केन्द्रको जस्तो छैन । कतै गठबन्धनका दलहरू एक्लाएक्लै भिडिरहेका छन् भने कतै गठबन्धनभित्र पनि अर्को गठबन्धन बनेको छ । केही जिल्लामा त्यही प्रमुख प्रतिस्पर्धी भनिएको एमालेसँगै चुनावी तालमेल भएका छन् ।

केन्द्रको निर्देशनविपरीत लुम्बिनी प्रदेशका दुई स्थानीय तहमा नेकपा माओवादी केन्द्रले एमालेसँग गठबन्धन गरेको छ । केन्द्र तथा प्रदेश तहका नेताहरूले पाँच दलबाहेकसँग गठबन्धन गर्न नपाइने कडा निर्देशन पटक-पटक जारी गरे पनि गुल्मीको धुर्कोट र प्युठानको झिमरुक गाउँपालिकामा माओवादीले एमालेसँग गठबन्धन गरेको हो ।

गुल्मीको धुर्कोटको अध्यक्षमा माओवादीका भुपाल पोखेल र उपाध्यक्षमा एमालेकी सीता गिरीले उम्मेदवारी दिएका छन् । धुर्कोटमा गठबन्धनभित्रका कांग्रेस र एकीकृत समाजवादीले तालमेल गरेका छन् । गाउँपालिकाको अध्यक्षमा कांग्रेसका महेन्द्र भण्डारी र उपाध्यक्षमा एकीकृत समाजवादीकी कमला सुनारले उम्मेदवारी दिएका छन् ।

यस्तै, प्युठानको झिमरुक गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका पीतबहादुर महतरा र उपाध्यक्षमा एमालेकी विष्णु जिएमले उम्मेदवारी दिएका छन् । यो गाउँपालिकामा माओवादीले तीनवटा र एमालेले पाँचवटा वडा भागबण्डा गरेका छन् । झिमरुकमा माओवादीको पकड (**बाँकी पृष्ठ ३ मा**)

### सन्दर्भ : वैदेशिक रोजगार

#### वैदेशिक रोजगारीमा हटेन एजेण्ट

## अझै ४० प्रतिशत एजेन्टको भरमा विदेशिन बाध्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानका लागि अधिकांश युवाहरूले अझै एजेण्टको भर पर्नुपरेको देखिएको छ । सरकारले एजेण्टको व्यवस्था खारेज गरेको चार वर्ष बितिसकेको भए पनि अझै ४० प्रतिशत एजेण्टमार्फत मेनपावर कम्पनीमा पुग्ने गरेको देखिएको हो ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा जिफन्टले आइतबार सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले उक्त तथ्यांक बाहिर ल्याएको हो । जिफन्टले अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघसँगको साझेदारी ररिक्रुटमेन्टएडभाइजरसँगको सहकार्यमा यसम्बन्धी अध्ययन गरेको थियो । जिफन्टका अनुसार जीवन बानियाँ नेतृत्वको समूहले गरेको अध्ययनमा वैदेशिक रोजगारीमा जान लागेका एक हजार ५९३ जनालाई सहभागी गराइएको थियो । उनीहरूमध्ये ४० प्रतिशतले वैदेशिक रोजगारीमा जान एजेण्टमार्फत् प्रक्रिया अगाडि बढाएको बताएका थिए ।




सरकारले वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूलाई इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी)सम्म सम्पर्क गराइदिने माध्यमको रूपमा कार्यरत एजेण्टहरूको व्यवस्थालाई केही नेपाल ऐन संशोधन, २०७५ मार्फत खारेज गरेको थियो । त्यसविपरीत अझैसम्म पनि एजेण्टहरू सक्रिय रहेको पाइएको हो ।

जिफन्टको अध्ययनले प्रत्यक्ष रूपमा म्यानपावर कम्पनीमार्फत नै वैदेशिक रोजगारीको प्रक्रियामा जाने ३२ प्रतिशत रहेको देखाएको छ । अध्ययनमा सहभागीमध्ये ९८ प्रतिशतभन्दा बढी व्यक्तिले करिब एक लाख रूपैयाँ शुल्क तिरेको बताएका छन् । बाँकी दुई प्रतिशतले मात्रै आफूले कुनै पनि शुल्क तथा खर्च व्यहोर्नुनपरेको बताएको जानकारी दिइएको छ ।

अध्ययनमा सहभागीमध्ये अधिकांशले आफूले रोजगार करार सम्झौता प्राप्त गरेको बताएका छन् । करार सम्झौता प्राप्त गरेकामध्ये ९५ प्रतिशत सहभागीहरूले आफूले त्यसमा लेखिएको भाषा बुझेको बताएका छन् । केही सहभागीले भने आफूले करार सम्झौतापत्रमा लेखिएको कुरा आफूले पढ्न नसकेको तर मेनपावर कम्पनीका प्रतिनिधिले पढेर सुनाएको जानकारी दिएका छन् ।

एकतिहाइ व्यक्तिले आफूलाई नेपालमा भनिएअनुसारको रोजगारी गन्तव्य मुलुकमा नदिइएको बताएको प्रतिवेदनमा उल्लेख छ । आधा उत्तरदाताले आफूलाई भनिएअनुसारको तलब नदिइएको बताएका छन् । यस्तै, ९६ प्रतिशतले रोजगारीको दौरानमा रहँदा आफ्नो राहदानीलगायत व्यक्तिगत कागजात आफूसँगै राख्न नपाएको बताएका छन् । गन्तव्य मुलुकमा रहँदा ट्रेड युनियनमा आबद्ध हुने अधिकार पाउने जम्मा चार प्रतिशत देखिएको छ । अध्ययनमा सहभागीहरूमध्ये ८३ प्रतिशतले आफूले चाहेको समयमा स्वदेश फर्किने अधिकार नपाएको बताएका छन् ।

पहिलेकै रोजगारदाताकोमा पुनः रोजगारीमा जान चाहने २६ प्रतिशतमात्रै देखिएको छ । यस्तै सहभागीहरूमध्ये ७० प्रतिशत मेनपावर कम्पनीको सेवाबाट आफू सन्तुष्ट नरहेको बताएका छन् । उत्तरदाताहरूमध्ये ७८ प्रतिशतले आफूले सेवा लिएको मेनपावर कम्पनीलाई एकदेखि तीन स्टार मूल्यांकन गरेका छन् ।

## श्रमिकमाथिको विभेद अन्त्य गर्न सरकार तयार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले श्रमिक माथि हुने विभेद अन्त्य गर्ने विषयमा सरकार लागिपरेको बताएका छन् । मन्त्री श्रेष्ठले १३३औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा शुभकामना दिँदै यस्तो बताएका हुन् ।

शुभकामना सन्देश जारी गर्दै मन्त्री श्रेष्ठले भने 'संविधानमा लिपिबद्ध श्रमिकका मौलिक हकको प्रभावकारी कार्यान्वयन गरी श्रम क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउनेका लागि सरकार प्रतिबद्ध रहेको छ ।' उनले सुरक्षित कार्य थलो, उचित पारिश्रमिक, सामाजिक सुरक्षाको व्यवस्था, नीति निर्माणमा श्रमिक वर्गको सहभागिता, सबै प्रकारका विभेदको अन्त्य र फलदायी रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

श्रमिकका मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि कानुनी, नीतिगत एवं प्रक्रियागत सुधारको प्रयास गरिएको भन्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारी व्यवस्थापन, आन्तरिक रोजगारी प्रवर्द्धन, सेवा प्रवाहमा सुधार, संगठन व्यवस्थापन र विस्तार तथा सामाजिक सुरक्षाको क्षेत्रमा पछिल्ला नवीन कामका थालनी भएको पनि बताएका छन् । शुभकामना सन्देशमा उनले सरकार, रोजगारदाता र श्रमिकले हातेमालो गर्दै उत्पादन र उत्पादकत्व वृद्धिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु अहिलेको आवश्यकता भएको उल्लेख गरेका छन् ।

साथै, स्वदेशमा कार्यरत श्रमिकको अधिकारका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम कानुनको प्रभावकारी कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरेका छन् । अधिकारप्राप्त राष्ट्रिय श्रम आयोग गठन गर्ने, श्रमिकका लागि अस्पताल बनाउने, श्रम कार्यालयहरू विस्तार गर्ने, औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रका श्रमिकसहित विदेशमा रहेका नेपाली श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा समावेश गर्ने, वैदेशिक रोजगारीमा श्रमिक पठाउन गन्तव्य मुलुकको आवश्यकता अनुसारको सीपयुक्त जनशक्ति तयार गर्ने सहितका योजना मन्त्रालयले अघि बढाएको उनले बताए ।

## एनआरएनए स्वास्थ्य समितिमा डा. सापकोटा

**काठमाडौं (प्रस)–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को स्वास्थ्य समिति संयोजकमा डा.सञ्जीव सापकोटा मनोनीत भएका छन् । एनआरएनएको शनिबार बसेको ८५ औं बैठकले डा.सापकोटालाई सो समितिका संयोजकमा पुनः चयन गरेको हो ।

ग्लोबल नेपाली हेल्थ एक्स्पर्ट डा. सापकोटा कोरोना महामारीमा विदेशमा रहेका नेपालीको तथ्यांक संकलन तथा स्वास्थ्यसम्बन्धी जनचेतना कार्यमा संलग्न भइसकेका छन् । उनीसँग विश्व स्वास्थ्य संगठनलगायत विभिन्न सरकारी जनस्वास्थ्य निकायमा जनस्वास्थ्य विशेषज्ञ, मेडिकल इपिडिमियोलोजिस्ट, अनुसन्धान वैज्ञानिक, परियोजना प्रबन्धक, वरिष्ठ तथ्या...ंक विश्लेषक, सञ्चार विशेषज्ञलगायत विभिन्न पदमा जनस्वास्थ्य र स्वास्थ्य सेवामा करिब २० वर्ष काम गरेको अनुभव रहेको जानकारी दिइएको छ ।




# तथ्यांकमा स्थानीय तह निर्वाचन २०७९

■ भीष्मराज ओझा

**काठमाडौं–** मुलुक संघीय संरचनामा गएपछि दोस्रोपटक यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा ३५ हजार २२१ पदका लागि कूल एक लाख ५३ हजार २२० जनाले उम्मेदवारी दिएका छन् । विद्यमान कानुनी व्यवस्थानुसार मुलुकमा छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका र छ हजार ७४३ वडा छन् । यी स्थानीय तहमध्ये महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा प्रमुख/उपप्रमुख, गाउँपालिकामा अध्यक्ष/उपाध्यक्ष, वडाहरूमा वडाध्यक्ष र सदस्य पदमा निर्वाचन हुँदै छ । निर्वाचन आयोगका अनुसार यही वैशाख २९ गतेसम्म १८ वर्ष पूरा भएका कूल मतदाता एक करोड ७७ लाख ३३ हजार ७२३ छन् । तीमध्ये पुरुष मतदाता ८९ लाख ९२ हजार १०, महिला मतदाताको संख्या ८७ लाख ४१ हजार ५३० र अन्य मतदाताको संख्या १८३ रहेको छ ।

त्यसैगरी यस निर्वाचनका लागि १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्रको व्यवस्था गरिएको आयोगले जनाएको छ । निर्वाचनमा कूल उम्मेदवारमध्ये ९५ हजार २५३ पुरुष र ५७ हजार ९६७ महिला छन् । निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त छ दलमध्ये नेकपा (एमाले)का ३३ हजार ५०३, नेपाली कांग्रेसका ३१ हजार ४२५, नेकपा (माओवादी केन्द्र)का २२ हजार २७९, नेकपा (एकीकृत समाजवादी)का ११ हजार ३३०, जनता समाजवादी पार्टी नेपालका नौ हजार ४८१ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका चार हजार ७६१ उम्मेदवार छन् ।

त्यसैगरी यस निर्वाचनमा १२ हजार ७८९ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । हाल निर्वाचन आयोगमा दर्ता भएका जम्मा ८९ राजनीतिक दलमध्ये निर्वाचनमा १३ दलका उम्मेदवार शून्य छन् । आयोगका तथ्यांकअनुसार वैज्ञानिक समाजवादी पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी, त्रिमूल नेपाल, मितेरी पार्टी नेपाल, राष्ट्रिय विकास पार्टी, नेपालवाद, लोकदल, नेपाल आमा, समावेशी लोकतान्त्रिक, संघीय खुम्बुवान, नेपाल सुकुम्वासी (लोकतान्त्रिक), नेपाल नौलो जनवाद र माओवादी जनमुक्ति पार्टी नेपालका यस निर्वाचनमा शून्य उम्मेदवार छन् । यस निर्वाचनमा आयोगले सबै उम्मेदवारले प्रचारप्रसारलगायत चुनावी खर्च गर्न पाउने हद (रूपैयाँमा)समेत निर्धारण गरेको छ । तीमध्ये महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारलाई सात लाख ५० हजार, महानगरका वडाध्यक्ष र सदस्यका उम्मेदवारलाई तीन लाख, उपमहानगरपालिका प्रमुख र उपप्रमुखका उम्मेदवारलाई पाँच लाख ५० हजार, उपमहानगरपालिकाका वडाध्यक्ष र सदस्यलाई दुई लाख ५० हजार रूपैयाँ खर्चको हद निर्धारण गरिएको छ ।

त्यस्तै नगरपालिका प्रमुख र उपप्रमुखलाई चार लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यलाई दुई लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई तीन लाख ५० हजार, गाउँपालिका वडाध्यक्ष र सदस्यलाई एक लाख ५० हजार रूपैयाँको खर्च सीमा निर्धारण गरिएको छ । यसपटकको निर्वाचनमा मतपत्र हरियो मसीले छपाइ गरिएको छ । मतपत्रमा पहिलो क्रममा नेकपा (एमाले)को 'सूर्य', दोस्रोमा नेपाली कांग्रेसको 'रुख', तेस्रोमा नेकपा (माओवादी केन्द्र)को 'गोलाकार हसियाँ हथौडा', चौथोमा जनता समाजवादी पार्टीको 'छाता', पाँचौंमा लोकतान्त्रिक समाजवादी पार्टीको 'साइकल' र छैटौंमा नेकपा (एकीकृत समावादी)को 'कलम' रहेको छ । रसस




## सत्र जिल्लामा मात्रै मतपत्र ढुवानी बाँकी

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि मतपत्र ढुवानी गर्न अब १७ जिल्ला मात्र बाँकी रहेको छ । निर्वाचन आयोगका अनुसार सिन्धुली, रामेछाप र दोलखामा आज (सोमबार) बिहान ढुवानी हुनेछ भने अन्य जिल्लामा यसै सातामा पठाइनेछ ।

वैशाख १७ गतेसम्ममा ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएकामा १८ गते लुम्बिनी प्रदेशका सबै जिल्लाका लागि मतपत्र पठाइएको छ । बाँकी रहेका जिल्लामा मधेस प्रदेशका आठ, प्रदेश १ को मोरङ, बागमती प्रदेशको रसुवा, चितवन, ललितपुर, काठमाडौं र भक्तपुर छन् ।

कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका पाँच जिल्लामा मतपत्र पुगिसकेको छ । मनाङ र मुस्ताङ जिल्लामा हेलिकप्टरबाट मतपत्र ढुवानी गरिएको छ ।

आयोगले यही वैशाख १३ गतेबाट मतपत्र ढुवानी सुरु गरेको थियो । यसअघि छ वटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेकोमा आज भक्तपुर जिल्लाका लागि मतपत्र छपाइ सुरु भएको छ । महानगर र भक्तपुरका लागि छापिने मतपत्र उम्मेदवारी मनोनयनपत्र दर्ताको अन्तिम नामावलीका आधारमा पूर्ववत् डिजाइनमा निर्वाचन चिह्न थपघट गरेर छपाइ हुँदै छ ।

# मानसिक रोगीमध्ये ४० प्रतिशतमा चिन्ताजन्य समस्या

■ प्रभाव संवाददाता

**काठमाडौं–** मानसिक रोग भएकामध्ये ४० प्रतिशतमा चिन्ताजन्य समस्या हुने अध्ययनले देखाएको छ । मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालको १९औँ वार्षिकोत्सवको अवसरमा उक्त जानकारी दिइएको हो । अध्ययनअनुसार ४० प्रतिशतमा चिन्ताजन्य समस्या, २६ प्रतिशत डिप्रेसन र मानसिक असन्तुलन, छारे रोगजस्ता अन्यमा समस्या देखिएको केन्द्रले जनाएको छ ।

केन्द्रले गरेको अध्ययनमा वैदेशिक रोजगारीमा गएकामध्ये सबैभन्दा बढी ७३ प्रतिशतमा चिन्ताजनक समस्या, १७ प्रशितमा डिप्रेसन, चार प्रतिशतमा आघात र तीन प्रतिशतमा आत्महत्याका प्रयास भएको पाइएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार वैदेशिक रोजगारमा गएकामध्ये १०.४ प्रतिशत आत्महत्या गर्ने जनाएको छ ।

मनोविज्ञ करुणा कुँवरले कोभिड-१९ को महामारीपछि बालबालिकामा मानसिक रोग देखिएको बताइन् । उनका अनुसार बालबालिकामा डराउने, दुःखी देखिने, आत्तिने, चिन्तित देखिने, अनुशासनजन्य समस्या, ध्यान एकीकृत गर्न नसक्ने, विद्यालय नआउने, विद्यालयमा अनुपस्थित हुनेलगायतका समस्या देखिने गरेका छन् । उनले कोभिड-१९ को महामारीमा ९ देखि १६ वर्ष उमेर समूहका बालबालिका आत्महत्या गरेको पाइएको बताइन् । 'कोभिड-१९ को बन्दाबन्दीमा पहिलो एक हप्ता बालबालिका छुट्टै जस्तै मनाएका थिए । तर, बन्दाबन्दीको १५ दिनपछि बालबालिका आत्तिएको पाइयो,' उनले भनिन्, 'लगातारको बन्दाबन्दीले विद्यालय जान, साथीभाइसँग भेट्न, खेल्न नपाएर धेरैमा आत्तिएर मानसिक समस्या नै देखिएको पाइयो ।'

केन्द्रका अध्यक्ष डा. एसपी कलौनीले विद्यालय तहमा बालबालिकाको मानसिक स्वास्थ्य परामर्श दिनका लागि कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार १० देखि १५ प्रतिशत विद्यार्थीलाई विशेष खालको मनोवैज्ञानिक पद्दतिबाट उपचार गराउनुपर्ने आवश्यकता देखिएको छ ।

**'परामर्श र औषधिबाट निको पार्न सकिन्छ'**

मानसिक रोग भएका व्यक्तिलाई परामर्शबाट नै रोग निको पार्न सकिने चिकित्सकले बताएका छन् । त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, मानसिक रोग विभागका प्रमुख डा. सरोज ओझाले भूकम्प र कोरोना भाइरस संक्रमणको उच्च जोखिमले मानसिक रोगी बढ्दै गएकाले परामर्शबाट नै रोग निको पार्न सकिने बताए ।

उनले भने, 'मानसिक रोगीलाई आधा परामर्श र आधा औषधिबाट निको पार्न सकिन्छ ।' उनले सरकारले मानसिक स्वास्थ्यमा लगानी गरी नेपालमा नै मानसिक स्वास्थ्यको गुणस्तर सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

# प्रहरी महानिरीक्षक थापा क्षेत्रीको बिदाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** ३० वर्ष सेवा अवधि पूरा गरी सेवा निवृत्त हुन लागेका प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक तथा प्रहरी वरिष्ठ उपरीक्षकलाई आइतबार प्रहरी प्रधान कार्यालयले बिदाइ गरेको छ ।

थापा क्षेत्रीसँगै प्रहरी अतिरीक्त महानिरीक्षक प्रद्युम्न कार्की, हरिबहादुर पाल र निरजबहादुर शाहीसहित, १२ प्रहरी नायव महानिरीक्षक तथा तीन प्रहरी वरिष्ठ उपरीक्षकको बिदाइ गरिएको छ । समारोहमा अवकास लिन लागेका प्रहरी महानिरीक्षक थापा क्षेत्रीले आफ्नो कार्यकालमा सहयोग पुऱ्याउने सबै सकल दर्जाका प्रहरी अधिकृत तथा जवानप्रति आभार प्रकट गरे ।

कोभिड-१९ को विषम् परिस्थितिमा पनि आमनागरिकको सेवामा सदैव क्रियाशील रही गरेको उच्च कार्य सम्पादनको उनले प्रशंसा गरे । संगठनमा सुधार तथा हितका लागि गरिएको प्रयासमा सबैको सहयोग प्राप्त भएको चर्चा गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नवनियुक्त प्रहरी महानिरीक्षकले पनि संगठनको श्रीवृद्धिका लागि सबैको साथ र सहयोग पाउने विश्वास व्यक्त गरे ।

सेवा निवृत्तपछि पनि संगठनप्रति सदैव सकारात्मक सोच हुने उल्लेख गर्दै संगठन हितको लागि सदैव क्रियाशील हुने उनले प्रतिबद्धता व्यक्त गरे । समारोहमा थापा क्षेत्रीले आफ्नो कार्यकालमा सम्पादन भएका उल्लेखनीय कार्य एवं प्रहरी संगठनमा हाल सञ्चालनमा रहेका महत्त्वपूर्ण कार्य समेटिएर तयार गरिएको कार्य सम्पादन प्रतिवेदन नवनियुक्त प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहलाई हस्तान्तरण गरे ।

उक्त अवसरमा आइतबार नै मन्त्रिपरिषद्को बैठकबाट प्रहरी महानिरीक्षकमा पदोन्नति भएका सिंहले सेवानिवृत्त हुन लागेका वरिष्ठ प्रहरी अधिकृतलाई राष्ट्र, नागरिक र संगठनप्रति पुऱ्याएको अमूल्य योगदानका लागि नेपाल प्रहरीको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गरे ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख १९ गते सोमबार (तिथिः द्वितीया, नक्षत्रः कृतिका, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | मनोरञ्जनमा ध्यान जाने देखिन्छ । |
| **वृष** | आर्थिक पक्ष राम्रो हुनेछ । |
| **मिथुन** | सोचविचार गरेर काम गर्नुहोला । |
| **कर्कट** | अध्ययनमा ध्यान जानेछ । |
| **सिंह** | दैनिक व्यस्तता बढ्नेछ । |
| **कन्या** | सभा समारोहमा सहभागिता बढ्नेछ । |
| **तुला** | आफन्तसँग विवाद हुनेछ । |
| **वृश्चिक** | अरूसँग विवाद बढ्नेछ । |
| **धनु** | भ्रमणको योग छ । |
| **मकर** | व्यापारिक यात्रा सफल हुनेछ । |
| **कुम्भ** | वाणी व्यहोरामा सुधार गर्नुपर्ने देखिन्छ । |
| **मीन** | आफ्नो काममा ध्यान दिनुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख १९ गते, २०७९, २ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




आसन्न स्थानीय तह चुनावमा बागलुङ नगरपालिकामा उम्मेदवारी दिएका नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका साझा उम्मेदवारहरूको परिचयात्मक कार्यक्रमका सहभागी । *तस्बिरः रासस*

# ‘संविधान र लोकतन्त्र रक्षाका लागि गठबन्धन’

■ **प्रभाव संवाददाता**

**मोरङ–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले सम्पूर्ण पालिकालाई ‘श्रमिक मैत्री’ बनाउनुपर्ने सुझाव दिएका छन् ।

नेपाल ट्रेड युनियन कांग्रेस मोरङद्वारा १३३औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका उपलक्ष्यमा विराटनगरको मिल्सएरियाको हडताली हाटमा आयोजित कार्यक्रममा

उनले कांग्रेसले सम्पूर्ण पालिकामा श्रमिकहरूप्रति सम्मान गर्ने बताए ।

उनले नेपाली कांग्रेस श्रमिकहरूको हकहितप्रति प्रतिबद्धता भएकाले पनि श्रमिक सम्मान नै आफुहरूको उदेश्य रहेको बताए ।

नेता कोइरालाले संविधानको रक्षा र लोकतन्त्रलाई बलियो बनाउन मुलुकभरिको पालिकामा सत्तामा सहभागी दलहरूबीच गठबन्धन गरिएको बताए । गठबन्धन दलहरूको सहमतिमा वडास्तरमा स्वस्थ प्रतिस्पर्धा हुने उनको भनाई थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री विमलेन्द्र निधिले मजदुरलाई सम्मान एवं रोजगार उपलब्ध गराउने वचनबद्धता व्यक्त गरे । उनले महानगरको सबै पदमा गठबन्धनले जीत हासिल गर्ने बताउँदै कांग्रेसले मुलुकमा परिवर्तनकारी भूमिका




निर्वाह गर्ने बताए ।

उनले संघीयता एवं गणतन्त्रलाई सफल कार्यान्वयन गर्न गठबन्धन दलहरूबीच चुनावी तालमेल गरिएको बताए । उनले विसं २००७ देखि २०६२/६३ सम्मको विभिन्न आन्दोलनको नेतृत्व गरी मुलुकमा परिवर्तनकारी भूमिका निर्वाह गर्ने नेपाली कांग्रेस भएकाले आसन्न पालिका निर्वाचनमा पहिलो स्थान प्राप्त गर्ने दाबी गरे ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू डा डिला सङ्ग्रौला निजी क्षेत्रको सहभागितामा औद्योगिक नीति निर्माण गरी रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिईन् ।

कार्यक्रममा पूर्वमन्त्री महेश आचार्य र ट्रेड युनियनका पूर्वकेन्द्रीय अध्यक्ष लक्ष्मण बस्नेत, नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू अमृत अर्याल र भीम पराजुलीले

ले मुलुकको आर्थिक समृद्धि कायम गर्न रोजगारीको अवसर वृद्धि गर्नुपर्ने बताए ।

उनीहरूले श्रमिकको हितमा कांग्रेस भएकोले कांग्रेसले जितमा मात्र रोजगारीको गारेन्टी हुने बताए ।

विराटनगर महानगरपालिका नेपाली कांग्रेसबाट प्रमुख पदका उम्मेदवार नागेश कोइरालाले महानगरपालिकालाई भ्रष्टाचार शून्य गराउने प्रतिबद्धता व्यक्त गरे ।

यसैगरी उपप्रमुख पदमा जनता समाजवादी पार्टीका उम्मेदवार अमरेन्द्र यादवले गठबन्धनबाट मुलुकमा स्थायी शान्ति र समृद्धि कायम हुने धारणा राखे । युनियनका मोरङ अध्यक्ष सुशील कोइराला, नेकां प्रदेश कोषाध्यक्ष राजेश गुप्ता आदि रहेका थिए ।

# जथाभावी नबोल्न एमाले नेता बस्नेतलाई चेतावनी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेका नेता महेश बस्नेतलाई जथाभावी हावा कुरा नगर्न भक्तपुरका प्राध्यापकहरूले चेतावनी दिएका छन् । स्वतन्त्रताको नाममा बुझ्दै नबुझी हावादारी कुरा नगर्न उनलाई सचेत पारेका हुन् ।

१३३ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पस देकोचा भक्तपुरको संयुक्त आयोजनामा आइतबार कलेजमा भएको प्रवचन कार्यक्रममा उनीहरूले एउटा राम्रो शैक्षिक संस्थाको विषयमा जथाभाबी नबोल्न चेतावनी दिए ।

केही दिन अगाडि भक्तपुरमा भएको एउटा कार्यक्रममा नेकपा एमाले भक्तपुरका नेता एवं पूर्व मन्त्री बस्नेतले कलेजको सर्टिफिकेट नक्कली भएको बताएका थिए । उनले कलेजमा पढाउने शिक्षकहरू अयोग्य भएको पनि सार्वजनिक कार्यक्रममा बोलेका थिए । उनले कलेज कुन कानुन अन्तर्गत सञ्चालित हो भनी प्रश्न पनि गरेका थिए । साथै उनले सरकार बलियो भएको भए कलेज बन्द गराउनसक्ने पनि बताएका थिए ।

कार्यक्रममा कलेजका प्राध्यापकहरूले विश्वविद्यालयहरूले दिएको सर्टिफिकेट पनि सक्कली हुन्छ कि नक्कली भनेर थाहा नहुने नेताले जथाभाबी नबोल्न चेतावनी दिए ।




अयोग्य शिक्षक शिक्षिकाहरूले पढाएका विद्यार्थीहरू पटकपटक कसरी त्रिभुबन विश्वविद्यालय टपर भए ? उनीहरूको सामूहिक प्रश्न थियो । कलेजमा पढ्ने विद्यार्थीहरू पटकपटक टियू टपर हुँदै आएका छन् ।

पढाउने मात्रै आफूहरूले भएको स्पष्ट पार्दै उनीहरूले प्रश्नपत्र अर्कैले बनाउने, कापी जाँच पनि अर्कैले गर्ने अनि त्यसको मार्कसिट पनि त्रिभुवन विश्वविद्यालयलगायतले दिने अवस्थामा कसरी मार्कसिट नक्कली हुन्छ भनी प्रश्न गरेका थिए । साथसाथै उनीहरूले अयोग्य शिक्षकले पढाएका विद्यार्थी कसरी पटकपटक नेपाल टप भए भनी प्रश्न पनि गरे । उनीहरूले कलेजकाबारे जथाभाबी नबोल्न र आफनो बोलीलाई लगाम दिन पनि चेतावनी दिए ।

कार्यक्रममा कलेजका प्राचार्य रूपक जोशीले आफनो राजनीतिक भविष्य जोगाउन जुनै संस्थाबारे पनि सोचविचार नगरी जथाभाबी नबोल्न अनुरोध गरे । कलेज देशकै उत्कृष्ट भएकै कारण पटकपटक कलेजका विद्यार्थीले त्रिभुवन विश्वविद्यालय टप भएको स्मरण उनले गरे । उनले कलेजको ख्यातिकै कारण झण्डै देशभरका विद्यार्थी कलेजमा अध्ययन गरिरहेको पनि जनाए ।

ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले आफूले महेश बस्नेतद्धारा लेखिएको भनिएका ‘महेशको म’ नामक पुस्तक अध्ययन गरेको र त्यस पुस्तकमा लेखकले बहसमा झुटो कुरोलाई पनि सत्य बनाउनुपर्ने कुरा आफूलाई मन नपरेको तर राजनीतिमा त्यही गर्नुपरेको विषय उल्लेख भएको बताए । यही कारण बस्नेतले आफ्नो राजनीतिलाई टिकाउन कलेजबारे झुठो बोलेको विषय उनकै पुस्तकबाट खुलेको प्राचार्य श्रेष्ठको तर्क थियो । बस्नेत पदीय हिसावले उच्च पदमा पुगे पनि उनको बौद्धिकता भने नभएको भन्दै उनले दुःख व्यक्त गरे ।

कार्यक्रममा कलेजका उपप्राचार्य डा राजेशकुमार श्रेष्ठ, परीक्षा शाखा प्रमुख विष्णुप्रसाद किसी, प्रशाशनका उमा भट्टलगायतले आफनो राजनीतिक भविष्य बचाउन एउटा शैक्षिक संस्थाकोबारेमा अनर्गल प्रचार नगर्न सुझाए ।

# मोटरसाइकल चोरीमा संलग्न पक्राउ

■ **प्रभाव संवाददाता**

**पर्सा–** वीरगञ्ज महानगरपालिका-५ कुम्हाल टोल बस्ने ६२ वर्षीय हिमाल गौतमको ना.६४ प ९६०० नम्बरको मोटरसाइकल चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा वीरगञ्ज महानगरपालिका-१० रानीघाट ठेगाना भएका १८ वर्षीय किशोर र रौतहट राजदेवी नगरपालिका-७ ठेगाना भएका १८ वर्षीय किशोर रहेका छन् । आफ्नै घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा उक्त मोटरसाइकल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट शिवपार्वतीबाट खटिएको प्रहरीले उनीहरूलाई मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

यसैगरी ठोरी गाउँपालिका-१ बस्ने ४० वर्षीय शिवशंकर मण्डलको बा.प्र.०३ प ५३०४ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा सोही ठाउँ बस्ने २५ वर्षीय निरज सुनुवारलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा लक तोडी मोटरसाइकल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरीले उक्त मोटरसाइकल सुनुवारको घरमा त्रिपाल र प्लाष्टिकले छोपी लुकाइ छिपाई राखेको अवस्थामा फेला पारी चोरीमा संलग्न सुनुवारलाई पक्राउ गरेको हो ।

उनीहरू उपर चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको छ ।

## केन्द्रको निर्देशन..

बाँकी पृष्ठ १ बाट जारी

राम्रो रहेको मानिन्छ । तर, गबठन्धन गर्दा माओवादीको भागमा नपरेपछि उसले एमालेसँग सहकार्य गरेको हो ।

लुम्बिनीमा मात्र होइन यो ‘अटेरी अभियान’ सुदूरपश्चिमका पहाडी जिल्लामा पनि देखिएको छ । एमाले नेता भीम रावलको गृहजिल्ला अछाममा एमाले र एमालेबाटै फुटेर बनेको एकीकृत समाजवादीबीच चुनावी तालमेल भएको छ । अछामको मेल्लेख गाउँपालिकामा दुई दलबीच तालमेल भएको हो । दुई पार्टीबीच भएको सहमतिअनुसार गाउँपालिकामा एमालेले अध्यक्ष र समाजवादीले उपाध्यक्षको उम्मेदवार उठाएका छन् । एमालेबाट भीम खड्का अध्यक्ष र समाजवादीबाट समिता महरा उपाध्यक्ष उठेका छन् ।

अछामकै साँफेबगर नगरपालिकामा एमाले र माओवादी केन्द्रको तालमेल भएको छ । कतिसम्म भने साँफेबगरमा माओवादीका उम्मेदवारहरू सूर्य चुनाव चिह्नबाटै लड्ने गरी सहमति गरेका छन् । पशुपति कुँवरलाई एमाले प्रमुखको उम्मेदवार बनाएको छ भने माओवादीको तर्फबाट रणबहादुर थापाले उपप्रमुखमा उम्मेदवारी दिएका छन् । उनीहरू दुवै सूर्य चुनाव चिह्नमा लड्ने गरी सहमति भएको छ । साँफेबगरमा माओवादीले वडासम्मै सूर्यबाट लड्ने गरी तालमेल गरेको छ ।

सुदूरपश्चिमकै अर्को जिल्ला बाजुरामा कांग्रेसले माओवादी केन्द्र र एकीकृत समाजवादीसँग गठबन्धन अस्वीकार गरेपछि ती दुई दलले एमालेसँग तालमेल गरेका छन् । माओवादी र एकीकृत समाजवादीले कहीँ आपसमा र कतै एमालेसँग तालमेल गरेका हुन् ।

त्रिवेणी नगरपालिका र बूढीनन्दा नगरपालिकामा एमाले र माओवादी केन्द्रले गठबन्धन गरेका छन् । त्रिवेणी नगरपालिकामा एमालेले प्रमुख र माओवादीले उपप्रमुख पाउने सहमति भएको छ । नौ वटा वडामध्ये एमालेले पाँच र माओवादीले चारवटा वडाध्यक्ष पाउनेसमेत सहमति बनेको छ । एमालेबाट प्रमुखमा मोतिसिंह बुढा र उपप्रमुखमा माओवादी केन्द्रका मनराज बुढा उम्मेदवार छन् ।

बूढीनन्दा नगरपालिकामा पनि एमाले र माओवादीबीच चुनावी तालमेल गरिएको छ । कांग्रेसका क्षेत्रीय सभापति रामबहादुर बोहोरासमेत यो गठबन्धनमा सामेल भएका छन् । एमालेका जनककुमार बोहोरा प्रमुखमा र कांग्रेसबाट विद्रोह गरेका रामबहादुर उपप्रमुखमा उम्मेदवार छन् । वडा सदस्यसहितको पदमा समझदारी गरेर माओवादीसँग सहकार्य गरिएको बताइएको छ । बूढीनन्दामा एकीकृत समाजवादीले पनि मेयरमा एमालेलाई सघाउने वचन दिएको छ ।

यस्तै, बडिमालिका नगरपालिकामा एकीकृत समाजवादी र माओवादीले एमालेलाई सघाउने अनौपचारिक सहमति गरेका छन् । एमालेका उम्मेदवार अमर खड्का र नन्दा थापालाई सघाउने गरी समाजवादी र राप्रपाका मेयर र उपमेयरले उम्मेदवारी फिर्ता लिएका छन् ।

पाँचवटा गाउँपालिकामध्ये हिमालीमा पनि छ वटा वडामध्ये एक वडा माओवादीलाई दिएर एमालेले चुनावी तालमेल गरेको छ । एमालेका उम्मेदवार अजबहादुर मल्ल र राजकला सार्कीलाई नै मतदान गर्ने गरी तालमेल गरिएको छ । स्वामी कार्तिक खापर गाउँपालिकामा पनि कांग्रेस गठबन्धनबाट बाहिरिएको छ । त्यहाँ एकीकृत समाजवादीका अध्यक्ष र नेकपा माओवादी केन्द्रबाट उपाध्यक्ष हुनेगरी दुई दलबीच तालमेल भएको छ । अध्यक्षमा नेकपा एकीकृत समाजवादीका तर्फबाट चिरञ्जीवी शाही र उपाध्यक्षमा नेकपा माओवादी केन्द्रका तर्फबाट सुरेश रोकायाले उम्मेदवारी दिएका छन् ।

यता, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा नेपाली कांग्रेस र राप्रपाबीच तालमेलको सहमति भएको छ । मेयरमा कांग्रेसबाट आइतमान तामाङ र उपमेयरमा राप्रपाकी कुमारी मोक्तानको उम्मेदवारी कायम भएको छ । मेयरमा उम्मेदवारी दिएका राप्रपाका शेषबहादुर गुरुङ र उपमेयरमा उम्मेदवारी दिएकी कांग्रेसकी सविता गुरुङले उम्मेदवारी फिर्ता लिइसकेका छन् ।

सिन्धुपाल्चोककै सुनकोशी गाउँपालिकामा एमाले र माओवादी केन्द्रबीच तालमेल भएको छ । एमालेले गाउँपालिकामा अध्यक्ष र माओवादी केन्द्रले उपाध्यक्ष पाउने सहमति भएको छ ।

जिल्ला जिल्लामा गठबन्धन यसरी छिन्नभिन्न हुँदा पनि नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महत भने स्थानीय तहको निर्वाचनमा भएको तालमेल समग्रमा सफल भएको दाबी गरेका छन् । ‘अपवाद ठाउँबाहेक सबैले पार्टीको निर्णयलाई कार्यान्वयन गर्नुभएको छ । देशलाई सुशासन, संविधानवादमा अगाडि बढाउनका लागि हामीले निर्णय गरेका हौं,’ आइतबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गर्दै उनले भने, ‘समग्रमा सफल समन्वय गर्न हामी सफल भएका छौं । कतिपय ठाउँमा समझदारीबाट नै मित्रवत् प्रतिस्पर्धा गर्ने भन्ने हिसाबले अघि बढेको छ ।’

उनले नेतृत्व तहबाट भएको निर्देशनविपरीत दिइएका उम्मेदवारी फिर्ता हुने दाबीसमेत गरे । ‘प्राविधिक रूपमा नाम हटाउन नमिले पनि वक्तव्य निकालेर सहजीकरण गर्नुहुनेछ भन्ने हामीलाई लागेको छ । त्यसो गरिएमा विधानको व्यवस्थाअनुसार कारवाही गर्ने विषय उहाँहरूको हकमा लागू हुँदैन ।’

# बालविवाह रोक्ने अभियानमा कल्पना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विश्व कीर्तिमानी सगरमाथा आरोही तथा सामाजिक अभियन्ता कल्पना महर्जनले बालविवाह रोकथाम अभियान थालेकी छिन् । कल्पनाले ललितपुर जिल्लाको दुर्गम गाउँ डुकुछापबाट अभियानको सुरुवात गरेकी छिन् । कल्पनाले गोदावरी नगरपालिकासँगको सहकार्यमा शान्ति शिक्षा अभियान नेपालको आयोजनामा ललितपुरको गोदावरी नगरपालिका-८ डुकुछापको सामुदायिक स्कुलहरूका विद्यार्थीहरूको साथै दनुवार बस्तीमा पुगेर सचेतना अभियानको थालनी गरेकी हुन् । कल्पना ती स्कुल र वस्तीमा पुगेर बालविवाहका विषयमा जानकारी दिन पुगेकी हुन् । साथै उनले बालविवाहका नकारात्मक पक्षहरूका विषयहरूमा जानकारी दिँदै बालविवाह नगर्न नगराउन आग्रह गरी जनचेतना जगाएकी छिन् । कल्पनाले सगरमाथा चढ्दा वि.सं. २०७६ जेष्ठ ९ गतेका दिन सर्वोच्च शिखर सगरमाथाको बालविवाह रोकथाम अभियान गर्ने सगरमाथाको चुचुरोबाट उद्घघोष गरेकी थिइन् ।

नेपालको अन्य अल्पसंख्यक जातिमध्ये दनुवार पनि एउटा जाति हो । नेपालको वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्यांक अनुसार अधिराज्यभर दनुवारहरूको संख्या ८४ हजार एक सय १५ रहेका छन् । नेपालको काठमाडौं, भक्तपुर, ललितपुर, रसुवा, गोरखा, नुवाकोट, कास्की, झापा, मोरङ, सुनसरी, रौतहट मकवानपुर, सर्लाही आदि जिल्लाहरूमा दनुवारहरू बसोबास गर्दै आएका छन् ।

दनुवार जाति भरसक आफ्नै गाउँमा विवाह गर्छन् । यो समाजमा बालविवाह एवं बहु विवहाको प्रचलन छ । गरिबी जनचेतनाको अभवा जस्ता बाध्यात्मक कारण बाहेक सामाजिक सञ्जाललगायतको बढ्दो प्रयोगसँगै स्वेच्छाले परिवारको स्वीकृति विना पनि भागेर बालविवाह हुने गरेको वास्तविकता पनि छ ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको दुबै मोहोडा नेपाल दक्षिणीतर्फबाट (सन् २०७५ जेष्ठ ९ गते) उत्तरी मोहोडा (तिब्बततर्फबाट सन् २०७६ जेष्ठ ९ गते) का दिन सफल आरोहण गरी सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो महिला पत्रकारको विश्व कीर्तिमानी राख्न कल्पना सफल बनेकी हुन् ।

ललितपुर महानगरपालिका स्थापना भएको १०० औं दिन तथा शताब्दी पुरुष डा.सत्यमोहन जोशीको १०० औं जन्मोत्सवको उपलक्षमा कल्पनाले सर्वोच्च शिखरमा नगरपालिको लोगो अंकित झन्डा र जोशीको फोटो अंकित झन्डा सर्वोच्च शिखरको सगरमाथामा फहऱ्याएका थिइन् ।

एक्स्पेरियन्स आउटडोर्स नेपालको व्यवस्थापनमा भएको सगरमाथा आरोहणको सिलसिलामा बोकेको नारा शिक्षाको माध्यबाट बालविवाह रोकथाम अभियान २०१९ वि.सं. २०७५ जेष्ठ ९ गतेका दिन सर्वोच्च शिखर सगरमाथाबाट उद्घोष गरेकी थिइन् ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## श्रमिकको अधिकार सुनिश्चित गर

आइतबार देशभर विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइयो । आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग राख्दै अमेरिकाको सिकागो सहरका श्रमिकहरूले सडकमा ओर्लिएर बलिदानीपूर्ण संघर्ष गरी विजय हासिल गरेको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ ।

नेपालको सन्दर्भमा पनि हरेक परिवर्तनहरूमा श्रमिक वर्गको अतुलनी योगदान छ । श्रमिक वर्गको उल्लेख सहभागिताले नै परिवर्तन ल्याउन भूमिका खेलेको बिर्सिन हुँदैन । २००७ को राणा शासनविरुद्ध, २०४६ को प्रजातन्त्र प्राप्ति तथा २०६२/६३ को जनआन्दोलनमा श्रमिक वर्गको योगदान उल्लेखनीय रहेको थियो ।

त्यसैको जगमा देशमा गणतन्त्र स्थापना भयो । संविधानसभाबाट संविधान जारी भयो । तर, संविधानमा मौलिक हकका रूपमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरियो । संविधानमा श्रम अभ्यासको हक समावेश भएको छ । श्रमिकको पारिश्रमिकको हकको सुनिश्चितता भएको छ ।

युनियन खोल्न पाउने र सामूहिक सौदाबाजीको हकको सुनिश्चितता गरिएको छ । औपचारिक र अनौपचारिक श्रमिकको भेदभाव हटाएर सबै श्रमिकलाई समान हैसियतको व्यवस्था श्रम ऐनमा गरिएको छ ।

तर, संविधान र ऐनमा सुन्दर व्यवस्था गरिए पनि वास्तविकतामा भने श्रमिकको जीवन निकै कठिनपूर्ण छ । अहिले पनि ज्यालादारी मजदुरहरूको जिन्दगी साँझबिहानको छाक कसरी टार्ने भन्नेमै बितिरहेछ । ठूलो किसिमको बिमार लाग्यो भने वा घरका कुनै सदस्य बिरामी परे भने आर्थिक जोहो गर्न निकै गाह्रो पर्ने स्थिति छ । संविधान र कानुनमा भएका कुरा व्यवहारमा पूर्णरूपमा लागू हुन सकेका छैनन् । अझै पनि औपचारिक तथा अनौपचारिक क्षेत्रका लाखौं श्रमिक सामाजिक सुरक्षाको हकका साथै न्यूनतम परिश्रमिकबाट वञ्चित छन् ।

दिनदिनै महँगी बढिरहेको छ । तर, श्रमिकको ज्याला बढेको छैन । अर्कोतिर स्वदेशमा कामको अभावमा युवा शक्ति विदेशिन बाध्य छ । श्रमिकको हित अनुकूल श्रम वातावरण, उचित पारिश्रमिक, रोजगारीको सुनिश्चितता एवं सामाजिक सुरक्षालगायतका श्रम अधिकार सार्थकरूपमा कार्यान्वयन हुन सकेका छैनन् । त्यसकारण, सबैभन्दा पहिले यसलाई कार्यान्वयन गर्नुपर्छ ।

विशेषगरी श्रमिक र रोजगारदाताको सम्बन्धमा आउने चिसोपनाले पनि समस्या हुने गरेका देखिन्छ । रोजगारदाताले कम सेवा सुविधामा बढी काम गराउन खोज्ने गरेका कारण समस्या हुने गरेको बताइन्छ । श्रमसम्बन्धी अन्य सुरक्षा कारण पनि यस्तो हुने गरेका पाइन्छ । खासमा रोजगारदाता र श्रमिकको सम्बन्ध नङ र मासुजस्तो हुनुपर्छ । किनकि, श्रमिकविना कुनै पनि रोजगारदाता निकायको काम हुँदैन भने, रोजगारदाता निकायविना श्रमिकले काम पाउँदैनन् । यी दुईबीच अन्योन्याश्रित सम्बन्ध छ । तसर्थ, श्रमसम्बन्धी समस्याको समाधानका लागि यी दुवै पक्षबीच समझदारी नभई हुँदैन ।

औद्योगिक सम्बन्धको विकास एवं आर्थिक क्षेत्रका चुनौतीको सामना गर्न पनि रोजगारदाता र श्रमिकको सम्बन्ध समधुर हुन जरुरी छ । त्यसकारण सर्वप्रथम श्रमिकको सुरक्षा र अधिकारमा ध्यान दिन जरुरी छ । जब श्रमिकलाई सुरक्षाको प्रत्याभूति हुन्छ तब उसले आफ्ना सीप र श्रमलाई उपयोग गर्ने र निखार्ने अवसर पाउँछ । राज्य र रोजगारदाताले यसमा ध्यान दिऔं ।

### मनन्योग्य

## विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२ विग्रह - शत्रु वा अरु विधर्मी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्रको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

क्रमशः

# दलका घोषणापत्रमा विपद् व्यवस्थापन

**जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ । भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११औं र ३०औं स्थानमा छ । जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ । प्राप्त तथ्यांकमा नेपालमा ७० देखि ८० प्रतिशत जनसंख्या कुनै न कुनै विपद्को जोखिममा छन् ।**

▶▶ नारायण ढुंगाना

स्रोतको मनपरी दोहन र पर्यावरणीय विनास, जलवायु परिवर्तन, प्राकृतिक घटनालगायत विभिन्न कारणले मुलुकमा विपद्जन्य घटना बढ्दो छ । तथ्यांक हिसाब गर्ने हो भने गत दुई वर्ष विपद्जन्य घटनाबाट ५०० मानिसले अकालमा ज्यान गुमाएका छन् । बाढी, पहिरोले ठूलो क्षति गराएको देखिएको छ ।

विपद्का घटना बर्सेनि बढ्दो रहेकाले सरकारले त्यस्ता घटना न्यूनीकरण र घटना नै हुन नदिन पूर्वतयारीलाई प्रभावकारी बनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरी कार्य गर्दै आएको छ । विपद्जन्य घटनाप्रति संवेदनशील नहुने हो भने नेपाल अझै ठूलो जोखिममा पर्ने तथ्यले संकेत गरिरहेको देखिन्छ । अतिवृष्टि, अनावृष्टि यसका ज्वलन्त उदाहरण हुन् ।

गत वर्ष सिन्धुपाल्चोकको हेलम्बु र मेलम्चीमा आएको बाढी र त्यसले पुर्‍याएको क्षति कल्पनाबाहिरको कुरा थियो । विकाससूगै विपद्लाई जोड्न सकिएन भने त्यस्ता घटना बढ्नसक्ने विपद् व्यवस्थापन विज्ञको अनुमान छ । युनिसेफले गरेको एक अध्ययनअनुसार विगत २५ वर्षमा देशका ८६ प्रतिशतभन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारले खडेरीको सामना गर्नुपरेको छ ।

जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ । भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमश: ११औं र ३०औं स्थानमा छ । जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ । प्राप्त तथ्यांकमा नेपालमा ७० देखि ८० प्रतिशत जनसंख्या कुनै न कुनै विपद्को जोखिममा छन् ।

वार्षिक तीन लाख ३५ हजार जनसंख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेका छन् । त्यसैले नेपालका राजनीतिक नेतृत्वले पनि त्यसपछि गम्भीर हुँदै नीति तथा योजना र कार्यक्रममा विपद् व्यवस्थापकलाई मूल मुद्दा बनाएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

त्यसैले विपद् व्यवस्थापनमा मुलुकका प्रमुख राजनीतिक दलको ध्यान कत्तिको गएको छ भनेर ती दलका घोषणापत्र अध्ययन गरेको छ । राष्ट्रिय मान्यताप्राप्त प्रमुख छ राजनीतिक दलको घोषणापत्रमा भने विपद् व्यवस्थापनलाई स्थान दिएको पाइएको छ ।

### नेपाली कांग्रेस

सत्तारुढ दल कांग्रेसको घोषणापत्रको समुन्नत नेपालको मार्गचित्र शीर्षकमा विकासको मोडेल जनतामुखी, दिगो र वातावरणमैत्री हुने कुरा उल्लेख छ । कांग्रेसले 'पाँच वर्षको समीक्षा' शीर्षकको एउटा बुँदा कोरोना महामारी व्यवस्थापनमा स्थानीय तहको भूमिका अब्बल रहेको ठहऱ्याएको छ । स्थानीय पूर्वाधार शीर्षकमा भूकम्प प्रतिरोधी संरचना निर्माणको सीप प्रदान गरी त्यस्ता दक्ष जनशक्तिबाट मात्र निर्माण गर्ने कुरा समावेश गरेको छ । त्यसको विपद् व्यवस्थापन उपशीर्षकमा भनिएको छ, ' भविष्यमा आइपर्ने विपद् व्यवस्थापन र पूर्वतयारीका लागि हरेक वडामा 'विपद् कोष'को स्थापनालगायत व्यवस्थापनका लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्तिसहितको 'द्रुत सहायता कक्ष' को स्थापना गरिनेछ ।'

'वातावरण तथा प्राकृतिक स्रोत संरक्षण' शीर्षकमा नेपाली कांग्रेसको घोषणापत्रमा स्थानीय तहले आ-आफ्नो क्षेत्रमा आउनसक्ने चुनौतीलाई आत्मसात् गर्दै तिनको यथोचित सम्बोधन गर्न सक्षम हुनुपर्ने उल्लेख गरेको छ । स्थानीय तहमा भएको भू-बनोट, प्राकृतिक क्षेत्र, नदी, पानी र जलाधारको अवस्था, खेतीयोग्य भूमि, सामाजिक तथा सांस्कृतिक पक्ष आदिले गर्दा प्रत्येक स्थानीय तह विशेष महत्त्वका रहेको भनिएको छ । त्यस शीर्षकअन्तर्गत विपद् जोखिम विश्लेषण र सम्बोधनको रणनीति उपशीर्षकमा केही कुरा थप गरेको छ ।

अनियन्त्रित पूर्वाधार विकास, जलवायु परिवर्तनका नकारात्मक प्रभाव, विषम् वर्षा, खडेरी वा सुक्खाका कारणले हुने बाढी, पहिरो, मानवबस्ती डुबान वा वन डढेलोजस्ता विपत्तिका बारेमा सूचना राख्ने, जनतालाई सुसूचित गर्ने कार्यलाई प्राथमिकताका दिइएको छ । स्थानीय स्रोतबाट निर्माण गरेका बाटो, कुलो, पुलपुलेसा, तालतलैया जस्ता पूर्वाधारको उचित सुरक्षा, संरचनाको अभावमा जोखिमका केन्द्र बन्न गइरहेका हुनाले दिगो विकासका सिद्धान्तअनुरूप विपद् जोखिमका सम्भावित विषयलाई ध्यानमा राखेर निर्माण कार्यको सुनिश्चितता गर्ने कुरा घोषणापत्रमा छ ।

यस्तै सम्भावित विपद् जोखिमको आकलन गरी त्यसलाई सम्बोधन गर्ने स्थानीय रणनीति निर्माण गर्ने कुरा उल्लेख छ । बुँदा नम्बर ९ मा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न विविध विषयगत कुरालाई सम्बोधन गरिएको छ । त्यसका अलावा नेपाली कांग्रेसले छुट्टै 'विपद् व्यवस्थापन' शीर्षकमै बुँदागतरूपमा गर्नुपर्ने कार्य उल्लेख गरेको छ । जसअनुसार नेपालको भौगोलिक अवस्थिति र भू-बनोटलगायतका कारणले विपद्को उच्च जोखिम प्रस्टयाउँदै कांग्रेसले भूकम्प, पहिरो, बाढी, आगलागी, चटयाङ, हिमपहिरो, हावाहुरी, शीतलहर, सुक्खा, सवारी दुर्घटना र विभिन्न प्रकारका महामारीलगायतका ५०० भन्दा बढी विपद्का घटना घट्ने जनाएको छ । त्यसबाट हुने भौतिक संरचना र मानवीय असर एवं क्षतिलाई व्यवस्थापन गर्ने ठूलो चुनौती रहेकाले स्थानीय तहको प्रत्यक्ष भूमिका रहने हुँदा विपद्बाट हुने क्षति कम गर्न र उत्थानशीलता वृद्धि गर्न विपद् जोखिमको पहिचान र मापन कार्यलाई संस्थागतरूपमा सुदृढीकरण गर्दै चार मुख्य संकल्प गरेको छ । उसले विपद् कम गर्न पूर्वतयारी, विपद न्यूनीकरण, विपद्का समयमा राहत/उद्धार, विपद्पछि पुनर्निर्माण समावेश गरिएको छ ।




### नेकपा एमाले

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले पनि विपद् व्यवस्थापनलाई विषगत क्षेत्रमा केही कुरा समेट्दै ' जलवायु अनुकूलन र विपद् व्यवस्थापन : विकास र वातावरणबीच सन्तुलन' भन्ने छुट्टै शीर्षक राखेर विपद् व्यवस्थापनलाई समेटेको छ । जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट समुदायलाई सुरक्षा र पर्यावरणको संरक्षण गर्ने विकास र वातावरणबीच सन्तुलन कायम गर्ने, हरित विकासलाई प्रवर्द्धन गर्ने, जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकूल प्रभावबाट संरक्षण र अनुकूलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, पूर्वसूचना र प्रविधि उपलब्ध गराउने संकल्प एमालेको छ ।

एमालेको घोषणापत्रमा जलवायु परिवर्तन र विपद् जोखिमबाट प्रभावित र उच्च जोखिममा रहेका समुदाय र बस्तीको संरक्षण गर्ने, बाढी, पहिरो नियन्त्रण, जलउत्पन्न जोखिम न्यूनीकरण र जलस्रोतको बहुउपयोग गर्ने, विपद् जोखिमको नक्सांकनका आधारमा प्राकृतिक विपद्को सामना र पूर्वतयारी गर्ने कुरा समावेश छ ।

एमालेले आपत्कालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुन:स्थापनाको आवश्यक तयारी गर्ने र यसका लागि बन्दोबस्तीका सामग्री तयारी अवस्थामा राख्ने, एकीकृत र सुरक्षित बस्ती विकास गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गर्ने, विपद्बाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रणसम्बन्धी कार्य, नदी तटबन्ध तथा बाढी नियन्त्रणसम्बन्धी कार्य तर्जुमा गर्ने, भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने, वन डढेलोबाट हुनसक्ने क्षति रोक्ने, प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गर्ने प्रतिबद्धता जनाएको छ ।

यस्तै घोषणापत्रमा समुदायमा आधारित जलवायु अनुकूलन योजना लागू गर्ने, जलवायु कोषबाट प्राप्त हुने सहायता जलवायु जोखिमयुक्त समुदायमा केन्द्रित गर्ने, जलवायु अनुकूलनका लागि समुदायका परम्परागत सीप, ज्ञान र प्रविधिलाई उपयोग गर्ने कुरा समावेश छ । यसका अलावा वन संरक्षण र वृक्षरोपण, जमिनमा पानी पुन:भरण, वर्षाको पानी संरक्षण पोखरी निर्माण, जलाधारको विकास, वातावरणमैत्री विकास निर्माणमा जोड दिइएको छ ।

अन्य विभिन्न क्षेत्रअन्तर्गत पनि विपद् व्यवस्थापनका कुरालाई समावेश गरेको पाइन्छ । जसअनुसार 'निरोगी नेपाल स्वस्थ नेपाली' शीर्षकको एउटा बुँदामा एमालेले महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिमको व्यवस्थापन गर्ने, स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्यवस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गर्ने उल्लेख छ ।

'सहज आवागमनको आधार : दिगो यातायात पूर्वाधार'अन्तर्गत सडक निर्माण गर्दा यसको दिगोपन, लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी मापदण्ड पालनाको अनिवार्य व्यवस्था गर्ने, जथाभावी डोजर प्रयोगलाई निरुत्साहित गर्ने विषयमा जोड छ ।

यस्तै 'एकीकृत बस्ती, योजनाबद्ध सहरी विकास : विकसित पालिका, सुरक्षित आवास' शीर्षकमा विपद्पीडित आवास कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने, जोखिमयुक्त आवास र बस्ती निर्माणका लागि राष्ट्रिय भवनसंहिता तथा बस्ती विकाससम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने कुरा समावेश छ । 'सबल राष्ट्रका लागि स्वस्थ र सिर्जनात्मक युवा' शीर्षकमा विपद् महामारी, विकास निर्माण, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि हरेक पालिकामा युवा स्वयंसेवकको स्थायी संयन्त्र निर्माण गर्ने, विपद् व्यवस्थापन प्राधिकरणलगायत राज्यका संरचनासँग समन्वय गर्ने कुरा उल्लेख छ ।

### जनता समाजवादी पार्टी

सत्ता गठबन्धन दल जनता समाजवादी पार्टी (जसपा)को घोषणापत्रमा विपद् व्यवस्थापनका विषय कम प्राथमिकता परेको पाइएको छ । उसको १६ पृष्ठको घोषणापत्रमा विपद् व्यवस्थापनको शीर्षक समावेश छैन ।

उक्त पार्टीले 'वातावरणसम्बन्धी नीति' शीर्षकमा केही सामान्य कुरा समेटेको पाइन्छ । जसअनुसार भौतिक पूर्वाधार निर्माण, विकास योजना सञ्चालन तथा आर्थिक क्रियाकलाप गर्दा वातावरणीय दिगोपनलाई उच्च महत्त्व दिइने उल्लेख छ । उसले खुला आकास, शुद्ध वायु, स्वच्छ जल र हरित वातावरण' नारा तय गरी कार्यान्वयन गर्ने संकल्प गरेको छ । बाढी, पहिरो, डुबान, कटानको सम्भावित जोखिमलाई कम गरिने, जैविक विविधता, वन्यजन्तु, चराचुरुंगी, जलचर, खानी तथा खनिज पदार्थ तथा पानीका स्रोत आदिको संरक्षण गरिने कुरा समावेश छ । तापमान वृद्धि र जलवायु परिवर्तनका दुस्प्रभाव अनुकूलन गर्ने प्रयास गरिने उल्लेख छ ।

अव्यवस्थित बसोबास पहिरो, नदी किनार र जंगलको छेउमा भएमा अन्यन्त्र सार्न पहल कुरा उल्लेख गरेको छ । 'भौतिक पूर्वाधार' शीर्षकमा अधिक वर्षा, बाढी, डुबान, कटानको समस्यालाई हल गर्न स्थानीय नदी प्रणालीलाई पुन:जीवित गरिने र फोहरको नियमित तथा वैज्ञानिक व्यवस्थापन गर्ने प्रतिबद्धता जनाइएको छ ।

उसले राष्ट्रिय नीतिमा पर्यावरणीय संरक्षण र दिगो विकासको नीति अनुशरण गरिने तथा नेपालमा चुरेलगायतका पर्वत र नदीजन्य, वनजन्य पदार्थको दोहनलाई कडाइपूर्वक नियन्त्रण गरिने उल्लेख गरेको छ ।

### नेकपा एकीकृत समाजवादी

सत्ता गठबन्धन दल नेकपा एकीकृत समाजवादी पार्टीले पनि विपद् व्यवस्थापनलाई केही प्राथमिकता दिएको छ । विनायोजना डोजर प्रयोग गरी सडक खन्ने प्रवृत्तिलाई रोक लगाउने विषय पनि विपद् व्यवस्थापनको एउटा पाटोका रूपमा हेर्न सकिन्छ । उसले 'जोखिम व्यवस्थापनसहितको विकास, विपद्मा सहयोगी समाज' शीर्षकमा विपद् व्यवस्थापनका विषय बुँदागतरूपमा राखेको छ । आजसम्म भएका धेरैजसो भौतिक विकास निर्माणका कामलाई वैज्ञानिक तरिकाले सम्भावित विपद् र जोखिमका बारेमा संवेदनशील बनाउन नसकेको निष्कर्ष निकाल्दै उक्त पार्टीले कतिपय अवस्थामा हाम्रा विकासका क्रियाकलापले झन धेरै विपद् जोखिम निम्त्याएको बताएको छ ।

उक्त पार्टीले अबको विकास निर्माणको काम विज्ञानमा आधारित विपद् जोखिम संवेदनशील विकास अवधारणाअनुसार गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यसो हुँदा मात्र विपद् संवेदनशील विकास हुने र विपद् उत्थानशील समाज निर्माण हुने निष्कर्ष उक्त पार्टीको छ । यसका लागि जनप्रतिनिधिमार्फत स्थानीय विपद् तथा जलवायु उत्थानशीलतासम्बन्धी सूचना तथा तथ्यांक संकलन गरी विपद्बाट जनधनको क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी गरिने संकल्प गरिएको छ ।

घोषणापत्रमा समग्र समुदाय तथा वडाकोसमेत संकटापन्नता तथा क्षमता विश्लेषण गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजना बनाई कार्यान्वयन गरिने, डुबान, बाढी, पहिरोजस्ता विपद्बाट जनधनको क्षति कम गर्न पूर्वचेतावनी प्रणालीको विकास गरिने बताइएको छ । जोखिम संवेदनशील भूउपयोग विश्लेषण गरी जोखिमरहित स्थानमा मात्र बस्ती बसाउन आवश्यक कदम चालिने तथा विपद्बाट हुने आर्थिक एवं भौतिक क्षतिलाई सम्बोधन गर्न कृषि, घरेलु तथा साना उद्योगलाई सहुलियत दरमा बीमाको व्यवस्था गरिने घोषणापत्रमा समावेश छ ।

यस्तै स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको प्रयोग बढाउने र विपद् व्यवस्थापनमा प्रयुक्त हुने परम्परागत रैथाने अभ्यासलाई बढावा दिइने उल्लेख छ ।

### नेकपा माओवादी केन्द्र

सत्ताघटक दल नेकपा माओवादी केन्द्रले यसपालि स्थानीय तह केन्द्रित आफ्नो घोषणपत्र नै बनाएन । स्थानीय तह आफैंले आफ्नो क्षेत्रअनुसार स्थानीय आवश्यकताका आधारमा घोषणापत्र बनाउन निर्देश गरिएअनुसार घोषणापत्र बनेका छन् ।

यद्यपि, माओवादीले निर्वाचन केन्द्रित अपिल भने सार्वजनिक गरेको छ । जसमा 'वन तथा जैविक विविधता : समृद्धिका लागि वन कार्यक्रम् शीर्षकमा केही विषय समेटेको छ । जसमा हरेक पालिकामा जलवायु परिवर्तन अनुकलित नमूना गाउँ निर्माण गरिने, वनरहित स्थानीय तहमा वृक्षरोपणको विशेष कार्यक्रम सञ्चालन गरिने, सहरी वन कार्यक्रम लागू गरिने, प्रदूषण नियन्त्रण, हरियाली प्रवर्द्धन र फोहरमैला व्यवस्थापनका लागि स्वच्छ वातावरण अभियान हरेक पालिकामा सञ्चालन उल्लेख गरेको छ ।

वन सम्पदालगायत प्राकृतिक स्रोत साधनमाथि समुदायको अग्राधिकारलाई सुनिश्चित गरिने तथा सामुदायिक वन उपभोक्त समूहलाई थप सवलीकरण गरिने अपिलमा छ । यसले प्रत्यक्ष विपद् व्यवस्थापनको कुरा नगरे पनि दीर्घकालीन विपद् व्यवस्थापन रणनीतिसँग मेल खाने कुरा समावेश गरेको पाइन्छ ।

### लोकतान्त्रिक समाजवादी पार्टी

तत्काल एवं गुणस्तरीय विपद् व्यवस्थापन शीर्षकमा बुँदागतरूपमा घोषणापत्रमा समावेश गरेको छ । वैज्ञानिक योजना बनाएर बृहत् बाँध र कल्भर्ट निर्माण, वर्षायामको पानीको उचित निकास, चुरेभावरको प्रभावकारी संरक्षण एवं व्यापक वृक्षरोपणमा जोड दिएको छ ।

यस्तै अन्य प्राकृतिक विपद्को अवस्थामा स्थानीय सरकार सधैं तयारीमा रहने कुरा घोषणापत्रमा उल्लेख छ । उक्त पार्टीले विपद्को पूर्वतयारी, विपद्का बेला गर्नुपर्ने उद्धार तथा राहत एवं पुन:स्थापनमा कार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ । *रासस*



**श्रमिक दिवसमा पनि काम** | पाल्पा रामपुर नगरपालिका-५, सुन्दरटोलमा सडक कालोपत्रे गर्ने काममा व्यस्त मजदुर । मे १ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवसबारे उनीहरूलाई जानकारी छैन । *तस्बिरः रासस*

# ‘गठबन्धनको विरोध गर्नु प्रतिगमनलाई प्रश्रय हो’

■ प्रभाव संवाददाता

**दमौली–** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धनको विरोध गर्नु भनेको नै प्रतिगमनलाई प्रश्रय दिनु भएको विचार व्यक्त गरेका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल ट्रेड युनियन कांग्रेसले आयोजना गरेको कार्यक्रममा उनले गठबन्धनको पक्षमा द्विविधामा नरहन पनि सबैसँग आग्रह गरे । उनले हालको अवस्थामा गठबन्धनलाई बलियो बनाउनेतर्फ ध्यान दिनुपर्ने सुझाव दिए ।

उनले भने, ‘गठबन्धनको विरोध गर्नु भनेको प्रतिगमनलाई प्रश्रय दिनु हो ।‘

नेता पौडेलले कांग्रेसले अन्य पार्टीसँग गरेको गठबन्धनलाई अन्यथा नलिन कार्यकर्तालाई आग्रह गर्दै कांग्रेससँग भएको जनमतलाई ध्यानमा राखेर गठबन्धन गरिएको बताए । उनले गठबन्धनले कांग्रेसलाई फाइदा नै पुग्ने दावी गरे । गठबन्धनले कांग्रेसलाई बलियो बनाउने उनको भनाई थियो ।

उनले सबैको सहयोग र सल्लाहले नै कांग्रेसलाई बहुमतमा पुर्‍याउन गठबन्धन गरिएको जनाए । उनले अहिलेको परिस्थितीमा देशलाई स्थायित्वमा



लैजान र संविधानको रक्षा र परिवर्तनलाई जोगाउन गठबन्धन आवश्यक रहेको बताए ।

त्यस्तै उनले आर्थिक र सामाजिक रूपमा श्रमिकप्रतिको विभेद अन्त्य हुनुपर्नेमा पनि जोड दिए । श्रमिकप्रतिको विभेद अझैसम्म पनि हट्न नसकेको बताउँदै उनले जब सम्म श्रमिकप्रतिको विभेद अन्त्य हुँदैन देशको विकास पनि नहुने जनाए ।

नेता पौडेलले श्रमिकलाई तल्लो दर्जामा राख्ने कुसंस्कृति अन्त्य नभएको भन्दै श्रमिकलाई मर्यादा दिने सभ्यता अझै बसाउन नसकिएको गुनासो गरे । उनले श्रमको सम्मान गर्ने कामको थालनी नेपाली कांग्रेसको नेतृत्वमा भएकोले श्रमलाई हेला गर्ने प्रवृत्तिको अन्त्य पनि कांग्रेसले नै गर्ने बताए ।

उनले समाजवादको लक्ष्य निमुखालाई न्याय र विपन्नलाई आय भएको बताउँदै कांग्रेसको मूल लक्ष्य त्यही भएको बताए ।

कांग्रेस नेतृत्वको संघीय, प्रदेश र स्थानीय सरकारले गाउँ-गाउँमा रोजगारी र आम्दानीलाई सार्थक बनाउन सक्ने उनको भनाई थियो ।

उनले विगतमा धेरै सरकार बने पनि श्रमिकको सम्मान हुन नसकेन भन्दै निर्वाचनपछि कांग्रेसको नेतृत्वमा बन्ने सरकारले नै श्रमिकलाई सम्मानजनक रोजगारीको ग्यारेन्टी गर्ने प्रतिवद्धता जनाए ।

# प्रधानसेनापति शर्माको निरीक्षण भ्रमण

■ प्रभाव संवाददाता

**इलाम–** प्रधान सेनापति महारथी प्रभुराम शर्माले आइतबार इलामस्थित श्री रणशार्दुल गण र ताप्लेजुङ जिल्लास्थित श्री भीमकाली गुल्मको निरीक्षण भ्रमण गरेका छन् । भ्रमणको दौरान उनले, गण तथा गुल्मको तैनाथीको वर्तमान अवस्था, वस्तुस्थिती लगायत विविध पक्षबारे जानकारी हासिल गरी सम्बोधन गरेका थिए ।

निरीक्षणकै क्रममा, प्रधान सेनापति महारथी शर्माले नेपाली सेनाद्वारा, आसन्न ‘स्थानीय तह निर्वाचन-२०७९‘ को सुरक्षामा केन्द्रित रही इलाम जिल्लास्थित दानाबारी ईलाकामा स्थापना गरेको कम्पनी अपेरेटिंग बेसको निरीक्षणसमेत गरेका थिए ।

उक्त ईलाकाको वस्तुस्थिती लगायत विविध पक्षबारे जानकारी लिई त्याँहा तैनाथ सबैलाई सम्बोधन समेत गरेका थिए । दुई दिने निरीक्षण भ्रमणको क्रममा रहेका प्रधान सेनापति



महारथी शर्माले सोमबार झापा जिल्लास्थित श्री नं. २१ बाहिनी अड्डाको निरीक्षण भ्रमण र नेपाली सेनाद्वारा निर्वाचनलाई लक्षित गरी, सिराहा जिल्लास्थित सुखीपुर ईलाकामा स्थापना गरेको कम्पनी अपेरेटिंग बेसको निरीक्षण गर्ने कार्यक्रम रहेको छ ।

# लागुऔषधसहित पक्राउ

**पर्सा(प्रस)–** वीरगञ्ज महानगरपालिका-३० लालपर्सास्थित ना.३ ख ६३८४ नम्बरको मिनी ट्रकबाट अन्दाजी ५३ केजी अवैध लागुऔषध गाँजा सहित २ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा उक्त ट्रक चालक मकवानपुर हेटौंडा उपमहानगरपालिका-११ बस्ने ४५ वर्षीय पूर्ण बहादुर मोक्तान र सह-चालक मकवानपुर गढी गाउँपालिका-४ बस्ने २६ वर्षीय राज भुलन रहेका छन् । प्रहरी चौकी परवानीपुरबाट खटिएको प्रहरीले लालपर्सा गाउँतर्फ जाँदै गरेको सो ट्रक जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

यसैगरी वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट अवैध लागुऔषध खैरो हेरोइन १ ग्राम सहित २ जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा वीरगञ्ज महानगरपालिका-१३ रानिघाट बस्ने २२ वर्षीय आकाश पटेल र बारा कलैया उपमहानगरपालिका-३ बस्ने १९ वर्षीय साहेव अली रहेका छन् ।

भारतबाट नेपालतर्फ आउँदै गरेको ओटोलाई प्रहरी चौकी परवानीपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा अटोमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

उनीहरू उपर लागुऔषध सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको छ ।

# टोलटोलमा धारा छ, पानी छैन

■ सानेबहादुर नेपाली

**तनहुँ–** टोलटोलमा पानीको धारा राखिएको छ । बिहान सबेरै उठेर लाइनमा बस्न सकिएन भने रित्तै गाग्री फकाउर्नु पर्छ, पालो पाएमा बल्लतल्ल दुई/तीन गाग्री पानी भर्न पाइन्छ, व्यासनगरपालिका-५ पतेनीका बासिन्दाले यस्तै सास्ती खेप्दै आएका छन् ।

यहाँ जडान गरिएका धारामा प्रशस्त र लामो समयसम्म पानी नआउँदा पतेनीका बासिन्दाले खानेपानीको चर्को समस्या भोग्दै आएका हुन् । धारामा पानी आएन भने कुवा तथा खोलामा पानी लिन जानुपर्ने बाध्यता रहेको दरै टोल संस्थाका सदस्य विष्णुबहादुर दरैले बताए । विसं ०६१ मा म्याग्दे गाउँपालिका-१ गुणादी बरचौर खोल्सीबाट सेडा नेपाल नामक गैरसरकारी संस्थाको सहयोगमा खानेपानी वितरण गरे पनि बढ्दो बस्ती विस्तारका कारण पानीको स्रोतले धान्न नसक्दा स्थानीयवासीलाई खानेपानीको व्यवस्थापन गर्न सकस भएको छ ।

धारामा दैनिक पानी नआउने र आएपनि प्रशस्त नआउँदा त्यस क्षेत्रका स्थानीयवासी एक गाग्री पानीका लागि घन्टौं खर्चन बाध्य छन् । घरनजिकै धारा नभएकाले उनीहरूले पानीका लागि कुवा धाउनुपर्छ । त्यो पनि तीन घन्टाभन्दा बढी समय लगाएर । धारामा पानी आएन भने कुवा तथा खोलामा पानी लिन जानुपर्ने बाध्यता रहेको दरैको भनाइ छ ।

उक्त वडाका बिर्ता पतेनी, साँघे, पतेनी र काउरा टोलका करिब ४०० घरधुरीका बासिन्दा खानेपानीको चर्को समस्या भोग्दै आएका छन् । अघिल्लो निर्वाचनको समयमा जनप्रतिनिधिहरूले खानेपानीको समस्या समाधान गर्ने आश्वासन दिए पनि जितेर गएपछि बेवास्ता गर्ने गरिएको उनले बताए ।

चुनावको समयमा झुटो आश्वासन बाँडे तर खानेपानीको समस्या ज्यूँका त्यूँ छ भोट दिएर गल्ती गरिएको महसुस गर्न थालिएको छ । यस वर्ष जसले हाम्रो समस्या सुनिदिन्छ, उसैलाई भोट दिने सोच बनाएको स्थानीयवासी बताउँछन् । खानेपानी पानी त पुग्दैन कहाँको नुहाउन धुवाउन पुगोस् उनले भने, ‘जीवन धान्न बडो मुस्किल भएको छ ।’

दरैले भने, ‘गाउँमा पानी नभएकाले स्थानीयवासीले तीन घन्टा खर्चिएर पँधेराबाट एक गाग्री पानी ल्याउनुपर्ने बाध्यता छ ।’ उनका अनुसार बिहान उठ्नेबित्तिकै पानी लिन स्थानीयवासी बेँसी झर्छन् । खोलानजिक रहेको सानो मूल भएको एउटा कुवा छ । त्यहीँबाट गाउँका स्थानीयवासीले पानी ल्याउँछन् । ‘पानी भर्ने पालो पाउन पनि गाह्रो हुन्छ । एकैपटक गाउँका सबै मानिस पानी लिन जाँदा त निकै भिडभाड पो देखिन्छ’, उनले भने, ‘पानी भर्न एक बिहान सक्नुपर्ने बाध्यता छ । खाना पकाएर आफ्ना छोराछोरीलाई विद्यालय पठाउन निकै सकस झेल्नु परेको छ ।’

त्यस्तै समस्या सोही वडास्थित पतेनी टोलका बासिन्दाको अवस्था पनि ज्यूँका त्यूँ रहेको छ । खानेपानी भर्नका लागि बिहान एकजना जनशक्ति नै खटिनुपर्ने अवस्था रहेको पतेनी टोलका स्थानीयवासी नवराज पौडेलले बताए । साँघे र मादी नदीको बीचमा रहेर पनि खानेपानीबाट वञ्चित हुनु लजास्पद कुरा भएको स्थानीयवासी एवं शिक्षिका अम्बिका बास्तोलाले बताईन् ।

जिल्लाको दुर्गम बस्तीका घरघरमा पानीको धारा पुगे पनि सदरमुकाम दमौलीदेखि करिब तीन किलोमिटर दूरीमा रहेको उक्त वडाका बासिन्दाले कठिनाइ भोग्दै आएका छन् । पानी भर्न पालो मिच्दा कहिलेकाहीँ झगडा नै हुने गरेको उनले बताए ।

घरमै खानेपानीको आशामा स्थानीयवासी

पछिल्लो समय बढ्दो वन-विनाशका कारण पानीका मुहान सुक्दै गएकाले त्यस क्षेत्रमा पानीको समस्या देखिएको हो । लामो समयदेखि खानेपानीको चरम अभाव झेलेका पतेनी टोलवासीले धारामा प्रशस्त पानी आए ठूलो समस्या समाधान हुने आशामा छन् । *रासस*

# सप्तरीमा साढे पाँच हजार उम्मेदवार चुनावी प्रतिस्पर्धामा

■ नानीमैया कटवाल

**सप्तरी–** आसन्न स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारले घरदैलो अभियान सुरुआत गरेका छन् ।

उम्मेदवारी दर्ता, दाबी विरोध, फिर्ता र अन्तिम नामावली प्रकाशन भएपछि उम्मेदवारले घरदैलो अभियानलाई तीव्रता दिएका हुन् । सप्तरीमा पाँच हजार ६१९ जनाको मनोनयन दर्ता भएकोमा २२ जनाको उम्मेदवारी रद्द र ७३ जनाले मनोनयन फिर्ता लिएपछि अहिले पाँच हजार ५२४ जना चुनावी प्रतिस्पर्धामा होमिएका छन् ।

उम्मेदवारले आफ्नो प्रतिबद्धतापत्र, निर्वाचन चिन्ह अङ्कित प्रचारसामग्रीसहित मत माग्न मतदाताको घरदैलोमा पुग्न थालेका छन् । जिल्लाको सबैभन्दा धेरै ३९ हजार ६९२ मतदाता रहेको राजविराज नगरपालिकासहित अन्य पालिकामा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीलगायत दलका उम्मेदवारले घरदैलो अभियान सुरु गरेका छन् ।

बिहान ८ बजेदेखिनै कार्यकर्ता लिएर उम्मेदवार घरदैलोमा पुग्ने गरेको राजविराज-५ का गोविन्दलाल श्रेष्ठले बताए । घरदैलोसहित उम्मेदवारले टोल भेला गरेर कोणसभा गरिरहेका छन् । राजविराज नगरपालिकामा कांग्रेसका तर्फबाट प्रमुखमा इर्शाद अन्सारी र उपप्रमुखमा सुशीला यादवले उम्मेदवारी दिएकी छन् । त्यस्तै नेकपा (एमाले) बाट प्रमुखमा अनिल झा र उपप्रमुखमा सुशीला देवले उम्मेदवारी दिएका छन् । माओवादी केन्द्रबाट गत निर्वाचनमा राजपाबाट नगर प्रमुखमा निर्वाचित भएका शम्भुप्रसाद यादवले प्रमुखमा र प्रमिला साहले उपप्रमुखमा उम्मेदवारी दिएकी छन् ।

यसैगरी जसपाबाट प्रमुखमा भीमराज यादव र उपप्रमुखमा इसरन परविन तथा लोसपाबाट प्रमुखमा दीपेन्द्र चौधरी र उपप्रमुखमा साधना झाले उम्मेदवारी दिएकी छन् । झा गत स्थानीय तहको चुनावमा राजपाबाट उपप्रमुखमा निर्वाचित भएकी हुन् । निर्वाचन समय नजिकिँदै जाँदा उम्मेदवार घर/घरमा पुगी मत माग्न व्यस्त देखिएका छन् । राजविराज नगरलाई सुव्यवस्थित, समुन्नत र सुन्दर नगरपालिका बनाउने योजनासहित राजविराज नगरपालिकामा १८ जना प्रमुख र ९ जना उपप्रमुख पदमा प्रतिस्पर्धामा उत्रिएका छन् ।

नगरपालिकामा १६ वटा वडा छन् । ती सबै पदमा ६३९ जना चुनावी मैदानमा होमिएको मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले बताए । दाबी विरोध र मनोनयन फिर्ता लिने कार्यपछि सप्तरीको ९ वटा नगरपालिकाको प्रमुखमा ९३ जना र उपप्रमुखमा ६९ जनाको उम्मेदवारी कायम रहेको छ । यसैगरी जिल्लाका ९ वटा गाउँपालिकाको अध्यक्षमा १०२ र उपाध्यक्षमा ८० जनाको उम्मेदवारी कायम भएको छ । वडाध्यक्षमा ११९८, सदस्यमा २००९, महिला सदस्यमा १००८ र दलित महिला सदस्यमा ९६५ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालय सप्तरीका जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले जानकारी दिए । उनका अनुसार सप्तरीमा नगर प्रमुखका दुई र गाउँपालिका अध्यक्षका पाँच उम्मेदवारले मनोनयन फिर्ता लिएका छन् ।

बोदे बर्साइन र शम्भुनाथ नगरपालिकामा १/१ जना नगरप्रमुखको उम्मेदवारले मनोनयन फिर्ता लिएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । छिन्नमस्ता, महादेवा, विष्णुपुर गाउँपालिकामा १/१ जना र रूपनी गाउँपालिकामा २ जना अध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिएको छ । यसैगरी बलान बिहुल गाउँपालिकामा एक जना उपाध्यक्ष र एकजना वडाध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिएका छन् ।

प्रमुख, अध्यक्ष र उपाध्यक्षका उम्मेदवारसहित सप्तरीमा २५ वडाध्यक्ष, २७ सदस्य, ११ महिला सदस्य र २ दलित महिला सदस्य गरी ७३ जनाले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीले जनाएको छ । सबैभन्दा बढी हनुमाननगर कङ्कालिनी र कञ्चनरूप नगरपालिकाबाट उम्मेदवारी फिर्ता भएको छ । हनुमाननगर कङ्कालिनी नगरपालिकामा ३ वडाध्यक्ष र १२ सदस्य तथा कञ्चनरूप नगरपालिकामा ४ वडाध्यक्ष, ५ सदस्य, ३ महिला सदस्य र १ दलित महिला सदस्यले मनोनयन फिर्ता लिएका छन् ।

त्यसैगरी महादेवा गाउँपालिकामा ४ वडाध्यक्ष, २ सदस्य र २ महिला सदस्यले मनोनयन फिर्ता लिएका छन् । छिन्नमस्ता गाउँपालिकामा २ वडाध्यक्ष, ४ सदस्य र १ महिला सदस्यले मनोनयन फिर्ता लिएका छन् । राजविराज नगरपालिकामा २ वडाध्यक्ष र २ सदस्य, शम्भुनाथ नगरपालिकामा १ वडाध्यक्ष, १ सदस्य र १ दलित महिला सदस्य तथा विष्णुपुर गाउँपालिकामा २ वडाध्यक्ष र १ सदस्यले मनोनयन फिर्ता लिएका छन् ।

डाक्नेश्वरी नगरपालिकामा १ वडाध्यक्ष र दुई महिला सदस्य, बोदे बर्साइन नगरपालिकामा २ वडाध्यक्ष तथा रूपनी गाउँपालिकामा १ वडाध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिएका छन् । अग्निसाइर कृष्णसवरन र राजगढ गाउँपालिकाका १/१ वडाध्यक्ष, खडक नगरपालिका र तिरहुत गाउँपालिकामा १/१ महिला सदस्य तथा सप्तकोसी नगरपालिकामा १ महिला सदस्यका उम्मेदवारले मात्र मनोनयन फिर्ता लिएका छन् । सुरुङा र तिलाठी कोइलाडी गाउँपालिकामा भने कसैको उम्मेदवारी फिर्ता भएको छैन् । मनोनयन फिर्ता लिनुहुनेमा स्वतन्त्रबाट उम्मेदवारी दिनेहरू छन् । *रासस*

# प्रभाव दैनिक

सोमबार, १९ वैशाख २०७९ (Monday, May 2, 2022)


## रूपशाला

### 'थाहा छैन' सार्वजनिक

माओवादी सशस्त्र द्वन्द्वको कथामा आधारित 'थाहा छैन' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतमा गायक उदय सोताङ र गायिका गीता शर्माको स्वर सुन्न सकिन्छ। यस गीतमा अमेरिकाको न्युयोर्क निवासी गीतकार सुमन योञ्जनको शब्द रहेको छ। गीतमा सोताङकै सङ्गीत रहेको छ। गीतलाई कृष्ण लिम्बूले सङ्गीत संयोजन गरेका हुन्। म्युजिक भिडियोमा मुकुन भुसाल र बिमला लिम्बूको अभिनय हेर्न सकिन्छ।




# इमाडोलमा खुल्यो आरयु क्रियसन



■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुरको इमाडोलमा नयाँ बुटिक सञ्चालनमा आएको छ। बुटिकको संख्या बढिरहेका बेला फेसन डिजाइनर उषा राईले इमाडोलमा 'आरयु क्रियसन हाउस' सञ्चालनमा ल्याएका हुन्। उक्त बुटिकको शनिबार अभिनेत्री तथा गायिका विष्णु चेम्जोङ, चर्चित गीतकार तथा मोडल दर्पण राई, कोरियोग्राफर विपना थापा र गायिका सुजिता योञ्जनले संयुक्तरूपमा रिवन काटेर उद्घाटन गरे।

बुटिक उद्घाटनपछि अभिनेत्री विष्णुले आफू फेसनेवल नभएपनि बुटिकको संख्या थपिनु खुसीको कुरा भएको बताइन्। 'म खाशै फेसनमा ध्यान दिन्न, त्यसैले बुटिक पनि त्यति धाउँदिन' विष्णुले भनिन्, 'तर, बजारमा फेसन हाउस र बुटिकहरू थपिनु खुसीको कुरा हो, जसले फेसन पारखीहरूको फेसनप्रतिको इच्छा र रुचीलाई पूरा गर्दै आएका छन्।' उनले पछिल्लो पुस्ताका युवा फेसन कन्सस भएकाले बुटिकको भविष्य राम्रो रहेको भन्दै फेसन डिजाइनर एवं आरयु क्रियसन हाउस'की सञ्चालन उषा राईलाई शुभकामना दिइन्।

यस्तै, गीतकार दर्पण राईले आफू फेसन कन्सेस भएर पनि पुरुषलाई भन्दा महिलाका लागि बुटिक आवश्यक रहेको बताए। बुटिकको उद्घाटनपछि दर्पणले भने, 'पुरुषलाई भन्दा महिलाका लागि बुटिक आवश्यक छ किनकि हामीलाई भन्दा महिलाहरूलाई राम्रो बन्नुपर्छ।'

गीतकार दर्पणले आफूले बुटिकको लुगा लगाएपनि फेसनप्रति रुची भएकाले आफ्ना विवाहमा चाहिँ जसरी पनि आरयु क्रियसन हाउसकै लुगा लगाउने बाचा गरे। म्युजिक भिडियो निर्देशकसमेत रहेका ब्याचलर गीतकार दर्पणले भने, 'मेरो विवाहमा चाहिँ आरयु क्रियसनकै ड्रेस लगाउने छु। यो मेरो बाचा नै भयो।'

सहरमा मात्र नभएर गाउँघरमा समेत फेसनेवल युवाको संख्या बढिरहेकाले बुटिक अहिलेको राम्रो व्यवसायी भएको उनको भनाइ छ। 'अहिलेका युवा नयाँ नयाँ क्रियसनको पहिरन रुचाउँछन्। जुन बुटिकहरूले पूरा गर्दै आएका छन्' उनले भने, 'त्यसैले बुटिक खोल्नु राम्रो हो। सहरमा मात्र नभएर बुटिकहरू सोलुतिर पनि खोलिनुपर्छ।' आरयु क्रियसनकी सञ्चालक उषा सोलुकी भएकाले दर्पणले यस्तो सुझाव दिएका हुन्।

कार्यक्रममा 'भ्वाइस अफ नेपाल' रियालिटी शोमार्फत गायनमा उदाएकी सुजिताले उषा राईलाई शुभकामना दिँदै भनिन्, 'फेसनको बजार बढिरहेका बेला आरयु क्रियसन थपिएको छ। यो खुसीको कुरा हो। फेसन पारखीहरूको माग यो बुटिकले पूरा गर्न सकोस्, शुभकामना छ।'

फेसन डिजाइनर उषाको राईको यो पहिलो अनुभव हो। यसअघि विभिन्न व्यवसायी गर्दै आएकी उषाले आईआईएफटीबाट फेसन डिजाइनरमा डिप्लोमा गरेपछि बुटिकमा हात हालेकी हुन्। उनले भनिन्, 'पहिलोपटक फेसन डिजाइनर सिकेर बुटिक खोलेकी हुँ। तर, नयाँ भए पनि ग्राहकको चाहना र डिमाण्डलाई पूरा गर्ने प्रयास गर्नेछु।'

बजारमा चलिरहेको फेसन ट्रेण्डलाई आफूले पनि फलो गर्ने बताउँदै उनले भनिन्, 'सकेसम्म आफ्नै क्रियसन बेच्नेछु। त्यसबाहेक ग्राहकको चाहनाअनुसारको पहिरन तयार गर्नेछु।' उनले अन्य बुटिक तथा फेसन हाउसहरूभन्दा सुलभ र स्तरिय पहिरन उपलब्ध गराउन प्रयत्न गर्ने समेत बताइन्। 'थोरै मार्जिन राखेर ग्राहकलाई पहिरन उपलब्ध गराउने मेरो उद्देश्य हो' उनले भनिन्, 'साथै, म्युजिक भिडियो, फोटोसुट र फिल्मका लागि समेत भाडामा लुगा उपलब्ध गराउने सोच बनाएकी छु।'

कार्यक्रममा आईआईएफटीका प्रबन्ध निर्देशन तेन्जिङ शोर्पालगायत विभिन्न फेसन पारखीहरूको उपस्थिति थियो।



# सुरजवीरको शुभकामना गीत

**काठमाडौं –** रेडियोकर्मी एवं गायक तथा रचनाकार सुरजवीर बज्राचार्य यस्तै शब्दहरूलाई उनेर निर्माण गरेको जन्मदिनको शुभकामना गीत सार्वजनिक भएको छ। काठमाडौं भृकुटीमण्डपस्थित बुद्धविहारमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा उक्त गीत सार्वजनिक भएको हो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले नेपालभाषाको लोकप्रिय गीतलाई विस्तार एवं ब्यापकता दिन अन्य भाषाहरूमा पनि गीत निर्माणको कार्यको प्रशंसा गर्दै जन्मदिनको गीतको सफलताको लागि शुभकामना ब्यक्त गरे।

सभापति भिक्षु कोण्डन्य महास्थविरले मैत्रीभावले भरिएको यस गीतको लोकार्पण कार्यक्रम आयोजना गर्न पाउँदा खुशी भएको उल्लेख गर्दै आफ्नो जन्मदिनमा यस गीतका गायक, रचनाकार सुरजवीरका साथ समूहले प्रस्तुत गरेको नेपालभाषाको जन्मदिनको गीतले भावविभोर बनाएको स्मरण गर्दै यही गीतको अन्य भाषामा समेत निर्माण गर्ने कार्यलाई सहयोग गर्न तथा लोकार्पणमा आफू एवं बुद्धविहार अग्रसर भएको उल्लेख गरे।

कार्यक्रममा धर्मोदय सभाका महासचिव सागरमान बज्राचार्य तथा पेजथ्री पाक्षिकका सम्पादक दर्शनवीर शाक्यले गीतका बारेमा चर्चा गरेका हुन्।

स्वागत मन्तब्यकै क्रममा गायक तथा रचनाकार सुरजवीर बज्राचार्यले नेपालभाषामा निर्मित "बुदिंया भिंतुना म्ये (जन्मदिनको शुभकामना गीत) प्रति समाजले दिएको माया र प्रोत्साहन नै यो गीत अन्य भाषामा पनि निर्माण गर्दै जाने कर्मको उर्जा रहेको बताए। बुद्धविहारका प्रमुख भिक्षु कोण्डन्य महास्थविरको सभापतित्वमा भएको उक्त समारोहमा संगीत संयोजक जुगल डंगोल, चेज होम एप्लायन्सेजका सुरेश मल्ल, पेजथ्री पाक्षिकका दर्शनवीर शाक्य, गायक बज्राचार्यका बुबा नामसंगिती गुरु तथा हिरण्यवर्ण महाविहारका आःजु चित्रवीर बज्राचार्य, धर्मोदय सभाका महासचिव सागरमान बज्राचार्य, युवक बौद्ध समूह, काठमाडौंका अध्यक्ष मदनबहादुर तुलाधर, बौद्ध महिला संघका उपाध्यक्ष वीना कंसाकारको समेत अतिथिका रूपमा उपस्थिति रहेको हो। कार्यक्रममा धन्यवाद ज्ञापन भने विहारका सदस्य सानुबाबु साय्मिले गरेका हुन्।

यस अघि गायक बज्राचार्यको मातृभाषा नेपालभाषामा सार्वजनिक भएको जन्मदिनको गीतले हाल जन्मदिन मनाउँदा बजाउने, गाउने तथा गीत बजाएर सगुन दिने नव संस्कृतिकै रूपमा समाजमा स्थान प्राप्त गरेको छ। नेपालभाषामा निर्मित गीतको प्रतियोगिता नै आयोजना भएको थियो जसमा विश्वभरबाट १२१ प्रतियोगीहरूले सहभागिता जनाएका थिए।

## रंगशाला

# पहिलो खेलमा नेपाल पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** जिम्बाब्बेविरुद्धको टी-२० शृंखलाको पहिलो खेलमा नेपाल ६ विकेटले पराजित भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आइतबार भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ५ विकेट गुमाएर १८३ रनको योगफल तयार गरेको थियो।

यद्यपि, आक्रामक ब्याटिङ गरेको जिम्बाब्बे 'ए'विरुद्ध बलिङ नचल्दा नेपाल राम्रो योगफल पनि बचाउन सकेन। जिम्बाब्बेका लागि इनोसेन्ट कायाले ३० बलमा ९ चौकासहित ४७ रन बनाएका थिए।

यस्तै, टोनी मुन्योङाले २३ बलमा ७ छक्कासहित ५० रनको अर्धशतकीय इनिङ खेले। टाडिवान्से मरुमानीले ४१ बलमा ३ चौका र ३ छक्कासहित अविजित ५६ रनको इनिङ खेलेका थिए। जिम्बाब्बे 'ए'का विकेटकिपर-ब्याटर क्लिभ माडन्डे ८ रनमा आउट हुँदा कुड्जाई मुन्जे ८ र रोए काया ६ रनमा अविजित रहे।

नेपाली सिनियर टिममा डेब्यू गरेका बसिर अहमदले ३ ओभरमा १७ रन खर्चेर तीन विकेट लिए। कप्तान सन्दीप लामिछानेले ४ ओभरमा ५० रन खर्चेर एक र करण केसीले ३ ओभरमा ३५ रन खर्चेर एक विकेट लिए।

जिम्बाब्बे 'ए' विरुद्धको टी-२० शृंखलाको पहिलो खेलमा नेपालले एक सय ८२ रनको लक्ष्य दिएको छ। त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १८१ रनको योगफल तयार गरेको थियो।

नेपालका लागि ओपनरद्वय आशिफ शेख र कुशल भुर्तेलले २७ रनको साझेदारी गर्दै मध्यम सुरूवात दिलाएका थिए। नेपालका लागि ३१ बलको सामना गरेका कुशलले ८ चौकासहित ४६ रनको शानदार इनिङ खेल्दा १६ बलमा एक चौकासहित ९ रन बनाएर आशिफ आउट भएका थिए। आदिल आलमले २७ बलमा ४ चौका र ३ छक्कासहित अविजित ४७ रनको इनिङ खेलेका थिए।

तेस्रो नम्बरमा क्रिजमा उत्रिएका रोहितकुमार पौडेलले २६ बलमा २ चौका र १ छक्कासहित ३६ रन बनाउँदा आरिफ शेख ४ बलमा २ रन बनाएर पेभेलियन फर्केका थिए। यस्तै करण केसी ४ रनमा अविजित रहे। जिम्बाब्बेका लागि ब्राड इभान्स, लुक जोङ्वे, ब्रान्डोन माभुता र जोन मसाराले एक/एक विकेट लिए।

# खेलाडीलाई कारबाही नगर्न एन्फालाई प्रशिक्षकको पत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अब्दुलाह अलमुताईरीले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई पत्र लेखेका छन्।

खेलाडीसँग पछिल्लो समय उत्पन्न विवादबारे अलमुताईरीले एन्फालाई पत्र पठाएका हुन्। मुख्य प्रशिक्षक अलमुताईरीको कार्यशैलीमा असन्तुष्टि जनाउँदै एएफसी एसियन कप छनोटको लागि बन्द प्रशिक्षणमा रहेका १० खेलाडीले प्रशिक्षण छाडेपछि उनी विवादमा तानिएका थिए।

१० खेलाडीले क्याम्प छाडेपछि अलमुताईरीले थप १७ खेलाडीलाई प्रशिक्षणमा डाकेर तयारी गरिरहेका छन्।

बिद्रोह गरेका खेलाडीहरूले पत्रकार सम्मेलन गर्दै प्रशिक्षक अलमुताईरीले पटक पटक क्याम्प छाडेर जान भनेपछि आफुहरू बाध्य भएर प्रशिक्षण छाडेको बताएका थिए।

एन्फाका महासचिव इन्द्रमान तुलाधरलाई सम्बोधन गर्दै लेखिएको पत्रमा अलमुताईरीले प्रशिक्षण छाडेका खेलाडीलाई कारबाही नगर्न आग्रह गरेका छन्।



## आरबिबी-एनभिए भलिबल

# त्रिभुवन आर्मी क्लबको विजयी सुरुवात

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन आर्मी क्लबले छैटौं संस्करणको आरबिबी-एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल लिग प्रतियोगितामा विजयी सुरुआत गरेको छ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आइतबार अर्को विभागीय टोली एपीएफ क्लबलाई ३-० को सोझो सेटमा हराउँदै आर्मीले सुखद सुरुआत गरेको हो।

आर्मीले एपीएफमाथि २५-२३, २५-१८ र २५-२२ को सेटमा जित निकालेको हो। प्रतियोगिता अन्तर्गत नै आइतबार नेपाल पुलिस क्लब र गण्डकी प्रदेशले समेत विजयी सुरुआत गरेका छन्। पुलिसले गल्कोट स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सुखद सुरुआत गरेको हो। पुलिसले गल्कोटमाथि २५-१५, २५-१७ र २५-२३ को सेटमा जित निकालेको हो।



यस्तै पहिलो खेलमा गण्डकी प्रदेशले ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-१ को सेटमा हराएको थियो। लिगमा पुरुषतर्फ ७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको छ।

पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, हेल्प नेपाल, गण्डकी प्रदेश, गल्कोट स्पोर्ट्स क्लब र ढोरपाटन क्लब रहेको छ। महिलातर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, न्यु डायमण्ड र एभरेस्ट मावि रहेको छ।

विजेताले ६ लाख, उपविजेताले ३ लाख, तेस्रोले १ लाख ५० हजार र चौंथोले ७५ हजार प्राप्त गर्ने छन्। सर्वोत्कृष्ट पुरुष तथा महिला खेलाडीले जनही ३५/३५ हजार पाउँदा व्यक्तिगत विधा तर्फ उत्कष्ट सेटर, ब्लकर सर्भर, स्पाईकर, लिवेरो र प्रशिक्षकले जनही १५/१५ हजार प्राप्त गर्नेछन्।



पूर्वी युक्रेनको डोब्रोपिल्या, डोनेट्स्क क्षेत्रमा रुसी सेनाको गोलाबारीपछि प्लाइउडले अपार्टमेण्टका झ्यालहरू बन्द गर्दै स्थानीयबासी । *तस्बिरः एपी*

# बसमा बम विष्फोट गराएको आइएसको दाबी

**काबुल–** इस्लामिक स्टेट्स (आइएस) समूहले आइतबार अफगानिस्तानको राजधानीमा एक महिलाको मृत्यु हुने गरी यात्रुबसमा भएको बम आक्रमणको जिम्मेवारी लिएको छ । हालै जारी रहेको रमजान उपवास महिनामा गएको दुई हप्तायता भएका घातक आक्रमणमा परी दर्जनौं व्यक्ति मारिनुको साथै घाइते भएका समाचारमा जनाइएको छ ।

राजधानी काबुलमा भएको बस आक्रमणमा परी एक महिलाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएका यहाँको प्रहरीले जनाएको छ ।

गत शुक्रबारको मस्जिदमा भएको बम विष्फोटको जिम्मा कुनै समूहले लिएको छैन, तर बसमा भएको आक्रमणको जिम्मेवारी आइएसले लिएको छ ।

विशेषगरी सुन्नी बहुल्यता रहेको स्थानमा अफगानिस्तानको अल्पसंख्यक शिया र सुफी समुदायलक्षित हालैका हप्तामा भएका बम विस्फोटनलगायतका आक्रमणको आइएस समूहले दाबी गर्दै आएका छन् । तालिबान अधिकारीले आफ्नो सेनाले आइएसलाई पराजित गरेको दाबी गर्दै आएका छन् ।

तर, विश्लेषकले जिहादी समूह प्रमुख सुरक्षा चुनौती रहेको बताउँदै आएका छन् ।

यसैबीच काबुल प्रहरीले रमजानको अन्त्य भएको इद अल-फित्र बिदामा 'सुरक्षा सुनिश्चित गर्ने' वाचा गरेको छ । *रासस/एएफपी*

# अमेरिकी दूतावासद्वारा श्रीलंकामा 'प्रदर्शन चेतावनी' जारी

**कोलम्बो–** श्रीलंकामा रहेको अमेरिकी दूतावासले कोलम्बोमा हुने सहरव्यापी विरोध प्रदर्शनअघि ' प्रदर्शन चेतावनी' जारी गरेको छ ।

देशको आर्थिक अवस्थाको विरोध गर्न आइतबार कोलम्बो र वरपर धेरै प्रदर्शन र मार्चको योजना बनाइएको छ । 'प्रदर्शनले कोलम्बोभित्रको यात्रालाई अझ कठिन बनाउने र दिनभर सडक बन्द र ट्राफिक जाम निम्त्याउने सम्भावना छ,' अमेरिकी दूतावासले जनाएको छ ।

श्रीलंकाले सन् १९४८ मा स्वतन्त्रता प्राप्त गरेपछिको सबैभन्दा खराब आर्थिक संकटको सामना गरिरहेको छ । यसले खाद्यान्न र बिजुलीको अभावसँग जुधिरहेको छ जसले धेरै मानिसलाई असर गरिरहेको छ । अहिले देशलाई आफ्ना छिमेकीबाट सहयोग लिन बाध्य पारिरहेको छ ।



कोभिड-१९ महामारीको समयमा पर्यटनमा रोक लगाएको कारणले गर्दा विदेशी मुद्राको अभाव भएकाले मन्दी आएको हो । यसले देशलाई पर्याप्त इन्धन किन्न असमर्थ बनाएको छ । मानिसले खाद्यान्न र आधारभूत आवश्यकता जस्तै इन्धन र ग्यासको तीव्र अभावको सामना गरिरहेका छन् । *रासस/एएनआई*

# न्यु मेक्सिकोमा भीषण आगलागी

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाको न्यु मेक्सिको राज्यमा भीषण डढेलो फैलिँदै गएको छ । यसअघि नै ९७ हजार एकड क्षेत्रफलमा डढेलो फैलिसकेको राज्यका अग्नि अधिकारीले बताएका छन् ।

'सो क्षेत्रभरि हावाको गतिले तीव्र गतिमा आगो लस भेगासतर्फ पूर्व र ग्यालिनास क्यान्यनमा दक्षिणतिर फैलिएको थियो । हावाको तीव्र प्रवाहले आगलागी अनुमानभन्दा छिटो भैलिरहेको बताइएको छ । यो तीव्रता आज पनि जारी रहनेछ,' सान्ता फे नेसनल फरेस्टका आगो प्रबन्धकले काफ क्यान्यन र हर्मिट्स पीकमा शनिबार उल्लेख गरेका छन् । डढेलोले ९७ हजार ६४ एकड जमिन जलेको बताइएको छ ।

विगत २४ घण्टामा ३० हजार एकड क्षेत्रफलमा फैलिएको आगो नियन्त्रणमा ल्याउन अहिले एक हजार २० अग्निनियन्त्रक आगो निभाउने काममा जुटेका छन् ।

अमेरिकी सञ्चारमाध्यमका अनुसार न्यु मेक्सिकोका केही भागमा मानिसलाई सम्भावित खतरनाक ठाउँ छाड्न आदेश जारी गरिएको छ । *रासस/एएनआई*

# अमेरिकी सभामुखको जेलेन्स्कीलाई समर्थन

**किभ–** अमेरिकी सभामुख न्यान्सी पेलोसीले युक्रेनको राजधानी किभको अघोषित भ्रमणका क्रममा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई समर्थन व्यक्त गरेको अमेरिकी र युक्रेनी अधिकारीले आइतबार बताएका छन् ।

'हामी विश्वास गर्छौं कि हामी तपाईंको स्वतन्त्रताको लडाइँको लागि धन्यवाद भन्नको लागि तपाईंलाई भेट्न आएका छौँ.. म. हाम्रो प्रतिबद्धता लडाइँ समाप्त नभएसम्म तपाइँको साथ रहनेछ,' पेलोसीले जेलेन्स्कीलाई सो कुरा उल्लेख गरेको भिडियो सार्वजनिक गरिएको छ । *रासस/एएफपी*

# सवारी दुर्घटनामा आठ बालबलिकाको ज्यान गयो

**कायरो (इजिप्ट)–** यहाँ शनिबार भएको एक सवारी दुर्घटनामा परेर आठ बालबालिकाको ज्यान गएको छ । दुर्घटनामा अन्य चार जना घाइते भएका बताइएको छ । इजिप्टको डेल्टा प्रान्तको नेहिजार सहरमा सडकमा सवार १२ बालबालिकालाई एक सवारीले ठक्कर दिएको थियो । त्यसपछि उनीहरू पानीको नहरमा खसेका थिए ।

नहरमा खसेर गम्भीर बनेका उनीहरूमध्ये आठ जना बालबालिकाको ज्यान गएको छ भने अरु चार घाइते भएका छन् । घाइतेको उपचार जारी रहेको यहाँका प्रान्तीय प्रहरी प्रमुखले जानकारी दिएका छन् । उनका अनुसार सो सवारीका चालकलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । उक्त दुर्घटनाका बारेमा अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा भएका निरन्तर आक्रमणको राष्ट्रसंघद्वारा निन्दा

**संयुक्त राष्ट्रसंघ–** अफगानिस्तानमा पछिल्ला केही दिनयता निरन्तररूपमा हमला भइरहेकामा संयुक्त राष्ट्रसंघद्वारा निन्दा गरिएको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सो निन्दा गरेको हो । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को शनिबारको बैठकले पछिल्ला हप्तामा अफगानिस्तानमा हिंसात्मक आक्रमणका घट्ना हुनु दुःखद् भएको जनाएको हो ।

पछिल्ला हप्तामा यहाँ हत्या हिंसाका शृंखला बढ्दै गएका र यी आक्रमणले यहाँका सर्वसाधारण नागरिकलाई लक्ष बनाएकाले यसप्रति सुरक्षा परिषद्ले चिन्ता व्यक्त गरेको छ । अफगानिस्तानको मजार ए शरिफमा रहेको एक मस्जिदमा गत बिहीबार हमला हुँदा कैयौं नागरिकको ज्यान गएको थियो । *रासस/सिन्ह्वा*

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ४ बैशाख १४ गते २०७९ मा प्रकाशित B.GAS FOREIGN EMPLOYMENT PVT. LTD. को Lot No. 262048 को विज्ञापनमा कामदारको पद Driver (Bike),माग संख्या ३ र salary (QR.1500) ने रू. ५०,३६५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.

श्रम इजाजत नं. १५५/०७४/०७५ Dhapasi-9,basundhara Tol, Kathmandu,Tel: +997-1-4356889

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN ISLAND WAVES SPC

पुर्व स्वीकृति मिति २०७९/०१/१५ LT. No.262395 चलानी नं.६०१७८७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 0 | 1 | 140 | ४४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 140 | ४४,४६० | | | | | | | |
| 3 | Waiter - Coffee Shop | 0 | 1 | 140 | ४४,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख २६ गते (9th May. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GANDAKI OVERSEAS CONCERN PVT.LTD.

श्रम ईजाजत नं. ११५/०५५/०५६

Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CENTRAL MELAMINEWARE SDN. BHD

पूर्व स्वीकृति मिति : २०७६/११/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT. No.234089 चलानी नं. ६०१५२९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1200 | ३३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख २६ गते (9th May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Kasturi International Service Pvt. Ltd.

Govt. License 128/055/56

Bhatbhateni, Kathmandu, Nepal. TEL: 977-1-4441458, FAX:- 977-1-4439647
E-mail:-kasturi@enet.com.np, Web: www.kasturi.com.np

## युएई/साउदीमा रोजगारको अवसर

कम्पनी : GREEN SCAPES

पुर्व स्वीकृति मिति २०७८/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.256183 चलानी नं.६०१७२८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 29 | 0 | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : T K S CLEANING SERVICES L.L.C

पुर्व स्वीकृति मिति २०७८/१०/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.257194 चलानी नं.६०१७३५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 900 | २९,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUBARAK MOHAMMED BIN MUBARAK AL DOSSARY GENERAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७८/१२/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.261611 चलानी नं.६०१७७८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 3 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AHMED KHALED AL SALEM COMPANY

पुर्व स्वीकृति मिति २०७८/०८/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.242746 चलानी नं.६०१७८७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ४८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ZERO FIVE ZERO ELECTRONICS PRIVATE SAUDI ARABIA ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.261380 चलानी नं.६०१७७६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAUDI TAM GENERAL CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७८/०९/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.255207 चलानी नं.६०१७२०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHAWARMAJI MEALS COMPANY IS A ONE PERSON COMPAMY.

पुर्व स्वीकृति मिति २०७८/१२/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.259838 चलानी नं.६०१७६४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF TIMING CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७८/०८/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.253117 चलानी नं.६०१६९८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JUBAIL SEA GENERAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७८/०८/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१८ LT No.251998 चलानी नं.६०१६८७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख २६ गते (9th May. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.

श्रम ईजाजत नं. १३६३/०७४/०७५

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-निामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नया 'बसपार्क **फोन नं. ९८१३९६०७४६ ।** सारीका स्टेशनरी पसल - **फोन नं. ९८५११२९६८६ ।** ज्ञानज्योती पुस्तक पसल - **बागबजार, फोन नं. ४२४००६० ।** विश्व स्वतन्त्र संचार - **धारा, फोन नं. ४२१९४१२ ।** निशा बुक्स एण्ड स्टेशनरी - **लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ ।** वीडलिंक मिडिया प्रा.लि. - **पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ ।** हिमचुली स्टेशनरी **- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ ।** मलः स्टेशनरी - **गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी -विश्वज्योति हल ाईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - **कलंकी चोक फोनः ०१-४२७६५३०,** फ्याक्स **०१-४२७१३२२ ।** दाजुभाई स्टेशनरी - **पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं' सम्पर्क : ०१-४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ९९००० प्रति तोला – ९८५०० प्रति तोला – १३००



**बोयर जातको बाख्रापालन** | म्याग्दीको बेनी नगरपालिका-४ आँगेबगरस्थित हरियाली समूहको कृषि फार्ममा पालिएको बोयर जातको बाख्रा ।
*तस्बिरः सन्तोष गौतम/रासस*

# कालोसूचीमा अधिकांश ठेकेदार कम्पनी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सम्झौता अनुसार समयसिमाभित्र काम सम्पन्न नगर्ने अधिकाशं ठेकेदार कम्पनीलाई कालोसूचीमा राखिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा समयमा काम नगर्ने सार्वजनिक खरिदकर्ता, निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई सेवा तथा शर्तनामा अनुसार काम नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेको जनाएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उप दफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले एक वर्षसम्म लागू हुने गरी कम्पनीहरूलाई कालो सूचीमा राखेको सो कार्यालयले जनाएको छ ।

निर्माण व्यवसायी/आपूर्तिकर्तालाई एक वर्षको अवधिसम्म कालोसूचीमा राखिएकोले सो अवधिसम्म सार्वजनिक निकायका कुनै पनि खरिद कारवाहीमा भाग लिन नसक्ने जारी कालो सूचीमा राखिएको समेत जनाइएको छ ।

कार्यालयले त्रिदेव निर्माण सेवा कोहलपुर बाँकेका चन्द्रबहादुर गिरीलाई वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बाँके राष्ट्रिय निकुञ्ज कार्यालय, ओभरी, बाँकेले कालो सूचीमा राख्न निर्देशन दिएको छ । एमएसएम कन्स्ट्रक्सन प्रालि काठमाडौं महानगरपालिका वडा नं. २८ कमलादीका नितेशराज पाठक र सरोज मण्डललाई काम नगरेको भन्दै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरले कालो सूचीमा राख्न लेखि पठाएको कार्यालयले जनाएको छ ।

एसएनसी निर्माण सेवा प्रालि राप्ती सोनारी ८, बाँकेका चेतबहादुर बुढा, च्याङ्गसी निर्माण सेवा, तारकेश्वर ३ काठमाडौंका तिलकबहादुर थापा मगर, निलगिरि निर्माण सेवा प्रालि पुरानो बानेश्वर काठमाडौंका युवराज डाँगी, भैरव कन्स्ट्रक्सन कम्पनी प्रालि नयाँबजार, काठमाडौंका सुरेशलाल श्रेष्ठ र गोपाल श्रेष्ठ, ग्रीन टेक प्रोजेक्ट प्रालि अनामनगर, काठमाडौंका निहाल गुरुङ, लार्ज बास्केट, बानेश्वर, काठमाडौंका मनिषा श्रेष्ठलाई कालो सूचीमा राख्न लेखि पठाएको बताइएको छ ।

सापकोटा सप्लायर्स एण्ड निर्माण सेवा प्रालि ललितपुर महानगर पालिकाका भिमसेन सापकोटा, काभ्रेपलाञ्चोक न्यू लक्ष्मी ईण्डष्ट्रिज एण्ड सप्लायर्स प्रालि त्रिपुरेश्वर, काठमाडौंका मन्जु तिवारी, एडभेन्चर/दि आनन्द जे.भि.भरतपुर चितवनका आनन्दप्रसाद अधिकारी र योगेन्द्र प्रसाद कडेँल, धादिङ निलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स, प्रालि बबरमहल, काठमाडौंका नवराज नेपाललाई कालो सूचीमा राख्न भनेको छ । रचना ट्रेड ईन्टरनेशनल चावहिल, काठमाडौंका निलम मिश्र, कक्षपति निर्माण सेवा गैडहवा मिनमिनवा, रूपन्देहीका संजयकुमार खरबिन्द, इण्डो इन्जिनियरिङ कर्पोरेशन महाराष्ट्र भारतका सुशील पाटेललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.वी), विशालनगर, काठमाडौंले कालो सूचीमा राखेको छ ।

लिङ्देन निर्माण सेवा चमती काठमाडौंका गणेशबहादुर खुलाल मगर र बिपिन भेट सेन्टर जानकी गाउँपालिका बाँके मोहन बिष्ट, साथीभाई निर्माण सेवा ललितपुर महानगर पालिका सुनाकोठीका निर्मल शाही र लक्ष्मीपती न्यौपानेलाई समयमा र गुणस्तरयुक्त निर्माण नगरेको भन्दै संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन, पोखराले कालो सूचीमा राख्न लेखि पठाएको कार्यालयले जानकारी दिएको हो ।

बेलासपुर कन्स्ट्रक्सन दैलेखका देबेन्द्रप्रसाद आचार्य, भंगेरी निर्माण सेवा नेचाबेतघारी-५, सोलुखुम्बुका भीमप्रसाद भट्टराईलाई कालो सूचीमा राख्न भनेको हो ।

जलदेवी निर्माण सेवा लिखु-१, नुवाकोटका वासु थापा मगर, फ्रेण्ड्स अर्विट कन्स्ट्रक्सन सर्भिसेस कन्काई-८, झापाका खगेन्द्र निरौला, नुरानी कन्स्ट्रक्सन इनरुवा-६, सुनसरीका मोहम्मद अरिफ खान, नेपालय आर्किटेड एण्ड बिल्डर्स प्रा.लि पुरानो वानेश्वर काठमाडौंका प्रकाश अधिकारीलाई कालो सूचीमा राख्न पत्र पठाएको छ ।

जि.के./रेहान एण्ड सुन्दरा जे. भी. पञ्चकन्या-४, नुवाकोटका प्रज्वल कार्कीलाई शिवपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शेरावगरले कालो सूचीमा राखेको हो । उक्त कम्पनीलाई सम्मानित उच्च अदालत पाटनबाट रिट नं. ०७८-डब्लु -०३३१ रहेको २०७८ कार्तिक १० को पेशी तोकी सोको जानकारी विपक्षी समेतलाई दिई नियम बमोजिम पेश गर्न भनेको छ । लर्ड शिवा जनरल सप्लायर्स जनकपुरधाम उपमहानगर पालिका वडा नं.४ का सुस्वेत कुमार लाभ, बिक्रम खाद्य स्टोर साँगा-२, काभ्रेका अंगत खड्कालाई नेपाली सेना, बज्रदल गण, जोमसोम ब्यारेक, मुस्ताङले कालो सूचीमा राख्न लेखि पठाएको हो ।

# ‘श्रमको समस्या समाधान गर्न सबै वर्गको सहयोग आवश्यक’

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघले १३३ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस अर्थात ‘मे दिवस’ को अवसरमा शुभ-कामना दिएको छ ।

महासंघका अध्यक्ष शेखर गोल्छाले कोरोना महामारीको संक्रमण पछि उद्योग व्यवसाय संचालन, काम गर्ने वातावरण, श्रम सम्बन्ध र श्रम बजारमा पनि ठूलो प्रभाव परेको शुभकामना दिनेक्रममा सो बताएका छन् । उनले कामको पुनः संरचना, सीप विकास आधुनिक प्रविधिको वढदो प्रयोगसंगै श्रम सम्बन्धको व्यवस्थापन गर्नुपर्ने चूनौती थपिएको समेत जनाएका छन् ।

कोरोना खोप लगाउन शुरू भए पछि कोरोना संक्रमणको दरमा निकै कमी आएको सर्न्दभमा अर्थतन्त्रले गति लिन लागेको अवस्थामा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका घटना क्रमले मुलुकको अर्थतन्त्र कठीन मोडमा पुगेको र यसबाट आर्थिक गतिविधि र रोजगारीमा पर्न सक्ने प्रभाव र समस्यातर्फ हाम्रो ध्यानाकृष्ट भएको उनले बताएका छन् । उनले भने,‘हामी रोजगारदाता र ट्रेड यूनियन बीचको संवाद र सहकार्यका माध्यमबाट श्रम सम्बन्ध सुधार र श्रम सम्बन्धी समस्याको समाधान हुनु पर्दछ भन्ने मान्यताका साथ काम गर्दै आएका छौ, असल औद्योगिक सम्बन्धको विकास गर्दै विद्यमान र आउने परि स्थितिको सामना गर्न थप समझदारी र सहयोगका साथ काम गर्न मे दिवसले हामी सवैलाई उत्प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु ।’

वितेको २ वर्ष यताको अवधिमा महामारीको रूपमा फैलिएको कोरोना संक्रमणले मानव स्वास्थ्यको सुरक्षाको एवं आर्थिक विकासको गति गंभिर रूपमा प्रभावित भएको हामी सवै सामू स्पष्टनै रहेको महासंघका अध्यक्ष गोल्छाले बताएका छन् । संक्रमणबाट सिर्जित विषम परिस्थिति, कार्य वातावरण र श्रम बजारमा आएको परिवर्तनलाई आत्मसाथ गर्दै अघि बढनु पर्ने चूनौती हाम्रो सामू रहेको उनले उल्लेख गरेका छन् ।

अध्यक्ष गोल्छाले आर्थिक गतिविधिले गतिलिन थालेको अवस्थामा मुलुक आर्थिक संकटतर्फ उन्मूख हुन लागेको हो कि भन्ने चिन्ता वढेको छ । यस्तो स्थितिमा उद्योग व्यवसायको संचालन र रोजगारी प्रभावित हुने हुंदा आउने चूनौतीको सामना गर्न हामी वीच थप समझदारी र सहकार्यको लागि अपिल गरेका छन् ।

## शंकास्पद कारोबारको सूक्ष्म अध्ययन हुँदै

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकको वित्तीय जानकारीको इकाइले शंकास्पद कारोबारको सूक्ष्म अध्ययन भइरहेको बताउँदै इकाइलाई गत फागुन मसान्तसम्म एक हजार ५५६ वटा शङ्कास्पद कारोबार प्रतिवेदन प्राप्त भएको जनाएको छ ।

उक्त अवधिमा ४६४ वटा प्रतिवेदन विश्लेषण भएकामा २६५ वटा अभिलेखीकरण गरिएका तथा १९९ वटा प्रतिवेदन इकाइले अनुसन्धानका लागि कानून कार्यान्वयन गर्ने निकायमा पठाएको छ ।

यसैबीच नेपाल राष्ट्र बैंकले उक्त अवधिसम्म सरकारको कूल आन्तरिक ऋण दायित्व रु ६० अर्ब ५७ करोड ३४ लाख रहेको जनाउँदै हालसम्म रु २९ अर्ब २४ करोड ६७ लाख बराबरको आन्तरिक ऋण भुक्तानी गरेको बताएको छ ।

त्यसैगरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी सुपरीवेक्षकीय प्रभावकारिता अभिवृद्धिका निम्ति तयार गरिएको कार्यविधिअनुसार फागुन मसान्तसम्म १५ वटा वाणिज्य बैंकको निरीक्षण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

**राष्ट्र बैंक ६७औं वार्षिकोत्सव**

## भैरहवामा विभिन्न कार्यक्रम

**भैरहवा (प्रस)–** नेपाल राष्ट्र बैंक सिद्धार्थनगरकी निर्देशक रञ्जना पौडेल म्याराथन दौडका प्रतिस्पर्धाका लागि दौडिइन् । नियमित गृहणीको कामका साथै कार्यलयको कामले भ्याई नभ्याई उनले सधै कामभन्दा पनि स्वास्थ्य र एक आपसमा बन्धुत्वको भावना विकास गर्न दौडमा सहभागी भईन । यस्तै, नेपाल बैंक लुम्बिनी प्रदेश प्रमुख लेखनाथ भुसाल पनि उक्त दौडमा सहभागी भए ।

नेपाल बैंकर संघ लुम्बिनीका संयोजकसमेत रहेका उनी सधै कोट पाइन्ट र टाईमा देखिन्थे । तर, राष्ट्र बैकको वार्षिकोत्सवमा बैंकरहरूबाट धावक बनेर प्रस्तुत भए । सधै आर्थिक गतिविधिले हिसाब मिलाउन तनाबमा देखिने बैकरहरूको अनुहार भने खेलमा सहभागी हुँदा बेग्लै रौनक थियो । पसिना र थकाईले लोत पोत भएका प्रदेश भरिबाट आएका धावक र फुटबलर सबैको उद्देश्य जित्ने भएपनि केहीले मात्रै जित सुनिश्चित गरे ।

वार्षिकोत्सवकै अवसर पारेर सिद्धार्थनगर कार्यालयले बैंकका कर्मचारीहरू, कर्मचारीका परिवारका सदस्यहरू तथा लुम्बिनी प्रदेशमा रहेको विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई सहभागि गराई खेलकुद, बौद्धिक तथा अन्य मनोरन्जनात्मक प्रतियोगिताहरू सञ्चालन गरि विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्रबाट सम्मान गरेको छ ।

बैकले नेपाल राष्ट्र बैंक र लुम्बिनी प्रदेशका बैक तथा वित्तीय संस्थाहरूबाट छनौट भएका ६ वटा टीमबीच गराएको फुटबलमा विकास बैंक टिमल २-० गोल गरी विजयी भएको थियो । यस्तै, बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको सहभागितमा भएको अन्तरबैंक म्याराथनमा पुरुषतर्फ नेपाल राष्ट्र बैंकका राजन थापामगर प्रथम, होम बहादुर गर्तौला द्वितीय र गरिमा विकास बैंकका संजय गुरुङ तृतिय भए । महिला तर्फ नेपाल राष्ट्र बैंक की रञ्जना पण्डित पौडेल प्रथम, माछापुच्छ्रे बैंकका पवित्रा बस्नेत द्वितीय र मेगा बैंकका हिरा पाण्डे तृतीय भइन ।

कर्मचारीहरूबीच भएको ब्याटमिन्टन डबल्स प्रतियोगितामा शिशिर शर्मा र सन्दिप रसाईली टोली प्रथम, केशव श्रेष्ठ र राजन थापा मगर द्वितीय भए । टेबलटेनिस सिंगल प्रतियोगितामा शिशिर शर्मा प्रथम र राजन पोखेल द्वितीय भए ।

कर्मचारीहरूको छोराछोरीहरू बीच बालचित्रकला प्रतियोगिताको नर्सरी देखि कक्षा एकसम्मको प्रतिस्पर्धामा सहायक निर्देशक निर्मला दाहालकी छोरी काब्या दाहाल प्रथम, सहायक निर्देशक देवराज ज्ञवालीकी छोरी देवान्सी ज्ञवाली द्वितीय र प्रधान सहायक कमल प्रसाद आचार्यका छोरा प्रनिश आचार्य तृतीय भइन ।

त्यसैगरी कक्षा २ देखि कक्षा ५ सम्मको बाल चित्रकला प्रतियोगितामा प्रधान सहायक सुबाष चन्द्र चौधरीका छोरीहरू शिखा चौधरी र सृष्टि चौधरीले क्रमशः प्रथम र द्वितीय तथा उप निर्देशक गुलाब धवलका छोरा सनम धवलले तृतीय स्थान प्राप्त गरिन् ।

त्यसैगरी कर्मचारीहरूका बीच अन्तर फाँट हाजिरीजवाफ प्रतियोगितामा बैंकिङ फाँट समुहका प्रधान सहायक कमल प्रसाद आचार्य, प्रधान सहायक केशव श्रेष्ठ र सहायक दीपक भुसालको टोली प्रथम भयो भने मुद्रा व्यवस्थापन फाँट समुह ‘ख’ टोलीका प्रधान सहायक भविस्वोर पोखेल, सहायक सुनिल कुमार अर्याल र सहायक कबिता कोसीाको टोली द्वितीय भए । हन्डीफोर प्रतियोगितामा ज्योती अधिकारी र कबिता कोसी विजेता बनिन् ।

वार्षिकोत्सवको अवसर पारेर कर्मचारीहरूले नगरमा प्रभातफेरी गरेका थिए । सोही दिन बृक्षरेपणा गर्दै एक समारोहमा प्रतियोगीहरूलाई पुरस्कृत गरिएको थियो ।

ट्राफिक नियमको पालना गरौं

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ